# आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम

**वालिङ नगरपालिका नगरकार्यपालिकाको कार्यालय**

**वालिङ, स्याङ्जा,  गण्डकी प्रदेश, नेपाल**

**मिति २०७८ असार**

वालिङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङ्जा
२०७३

## SMART CITIZEN- SMART WALING

**कृषि, उद्योग, व्यापार, पर्यटन, उर्जा, सूचना प्रविधि र पूर्वाधार, : Smart city वालिङ, निर्माणका छ आधार**

उपस्थित महानुभावहरु हार्दिक नमस्कार .

नेपालको संविधान अनुसार स्थानीय सरकार स्थापनाकै कालखण्डबाटै नीति प्रवाह, विधि निर्माण, सेवा वितरण तथा विपद व्यवस्थापनमा क्रियाशील हुँदै संघीयता र लोकतन्त्रलाई संस्थागत बनाउने मार्गमा क्रियाशील छन । तद्अनुरुप हामी स्थानीय सरकार लोकतन्त्रको लाभलाई जनतासामु वितरण गर्दै राज्यको उपस्थितिलाई जनताको घरदैलोमा पुर्याउन सदैव प्रतिबद्ध छौ ।

नेपालको सार्वभौमसत्ता, स्वाधीन, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्रका लागि भएका विभिन्न आन्दोलनहरुमा आफनो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौ । ती आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजप्रति उच्च सम्मान व्यक्ति गर्दछु र नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पु¥याउनुभएको उच्च योगदानको पुनः स्मरण गर्न चाहन्छौं ।

आज कोभिड १९ को महामारीका कारण सम्पूर्ण विश्व नै आक्रान्त छ र त्यसको जोखिम र असहज परिस्थितिबाट हामी वालिङ नगरपालिका पनि मुक्त छैनौ । यस नगर क्षेत्रमा कोभिड १९ को संक्रमण फैलिए लगतै संक्रमितको पहिचानका लागि Red, Yellow, Green Area मा विभाजन गरी तत् अनुरुप रणनीति तय गरेर तत्काल Response गर्ने र जोखिमको फैलावटलाई Mitigation मा लैजान प्रतिकार्यको रणनीति अख्तियारी गरिएको छ । नगरपालिकाको प्रयासमा सहयोगी हात एवं मनको साथ छ । त्यसैले यस नगरक्षेत्र सबैसँग हातेमालो गरी Integrated Apporach बाट महामारीसँग जुधिरहेको छ । सबै नागरिकको एकता, धैर्यता र सहयोगले यहाँसम्म आइपुगेका छौ । सीमित स्रोत र साधनका बाबजुद अन्तिमसम्म प्रयास गर्दा गर्दै पनि केही नगरवासीले जीवन गुमाउनु भएको छ । उहाँहरुको अपुरणीय क्षतिको शुन्यता हामी माझ सदैव रहनेछ । कठिन यस परिस्थितिमा संक्रमित भई ज्यान गुमाउनुहुने महानुभावलाई स्मरण गर्दै शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछौं । उपचाररत सम्पूर्ण दिदिबहिनी तथा दाजुभाइहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

जोखिमपूर्ण परिस्थितिमा अग्रपंतिमा रहेर सेवा गर्ने चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सफाईकर्मी, पत्रकार एम्बुलेन्स चालकहरु लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुको उच्च प्रसंशा गर्दछौं । कोभिड १९ संक्रमण रोकथाम र नियन्त्रणका लागि स्थानीय सरकारले चालेका कदममा पूर्ण साथ दिई सहयोग गर्नु भएकोमा सम्पूर्ण दिदिबहिनी तथा दाजुभाइप्रति हार्दिक आभार व्यक्त गर्दछौ।

विपदका बेला मनमा मन मिसाएर महामारी रोकथाम, नियन्त्रण र उपचारको कार्यमा योगदान पु¥याउने हुने संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधि, राजनितिक दल, निजी तथा व्यावसायिक क्षेत्र, सञ्चारजगत र कोरोना रोकथाम, नियन्त्रण

र उपचारको लागि सहयोग उपलब्ध गराउने सबै सहयोगी हातहरुलाई धन्यवाद दिन चाहनछौ । उक्त सहयोग पारदर्शीरुपमा खर्च हुने तथ्यमा आश्वस्त तुल्याउन चाहन्छु । अब म चालु आर्थिक वर्षमा सम्पादन भएका केही महत्वपूर्ण क्रियाकलापहरुलाई बुँदागत रुपमा पेश गर्ने अनुमति चाहन्छु ।

**विकास तथा पुँजीगत कार्यक्रमः** नगरपालिकाबाट आर्थिक वर्ष २०७७/७८ मा सम्पादन हुने नगरस्तरीय १३४ तथा वडा स्तरीय योजना र कार्यक्रम ४११ वटा रहेकोमा आर्थिक वर्षको अन्तसम्म ९५% कार्यान्वयन हुने देखिएकोछ । यस नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ क कूल बजेटमा पुँजीगत बजेटको अंश ३७ प्रतिशत रहेको छ । उक्त पुँजीगत बजेट मध्ये आ ब २०७७/७८ को मा सामाजिक क्षेत्रमा ४० प्रतिशत, आर्थिक विकासमा १९ प्रतिशत, पूर्वाधार विकास तर्फ ३४ प्रतिशत, वातावरण र विपदमा ७ प्रतिशत विनियोजन भई खर्चको अनुपात सन्तोषजनक रहेको छ । यसले हामी स्मार्ट सिटीको नतिजा सूचक वा उपलब्धितर्फ अघि बढिरहेको तथ्यलाई उजागर गरेको छ ।

**पशुपंक्षी विकास कार्यक्रम:** नगरपालिकाले चालु आर्थिक वर्षबाट सुरु गरेको पशुपंक्षीमा खोप कार्यक्रमबाट ९५५ घरधुरी लाभान्वित भइसकेका छन । पशु स्वास्थ्य शिविर, रेविज दिवस कार्यक्रम, पशु आहारा कार्यक्रमजस्ता गतिविधि यस क्षेत्रमा सञ्चालन भएका छन । निमुखा वर्गको आय आर्जनका क्षेत्रमा यस्ता कार्यक्रमले टेवा दिएका छन ।

**बृहत नगर विकास योजना निर्माण: स्मार्ट वालिङ स्मार्ट नागरिक** भन्ने दुरदृष्टि सहित नगरको एकीकृत विकासको खाका तयार गरिएको छ । यस खाकामा नगरका समुन्नत विकासका लागि Four Pillar तय गर्नुका अतिरिक्त ३० वटा विकास मापनका Component रहेका छन । यिनैको Baseline मा रहेर नगरले हासिल गर्ने नतिजा सूचक निर्माण भएका छन । यिनै दस्तावेज नै समग्र नगरको Aspiration बन्नुका साथै नीति तथा कार्यक्रमका मार्गदर्शक बनेका छन । साथै Digital Municipal Profile पनि नगरको ऐतिहासिक दस्तावेज बनेको छ र यसले तथ्य तथ्यांकमा आधारित नीति निर्माणका लागि सूचना प्रदान गर्दछ ।

**कृषि विकास कार्यक्रम:** नगरपालिकाले कृषि क्षेत्रको विकासका लागि मागमा आधारित रही ४९ वटा कृषक तथा सहकारी समूहलाई मिनिपावर टिलर वितरण,बाँदर रोकथामका लागि २६४ बाँदर तर्साउने बन्दुक वितरण, वाड नं १० मा सुन्तला नर्सरी निर्माण, ११७५ केजी मकै वितरण कार्यक्रमहरु सम्पन्न गरेको छ। नगरका उद्दमी र परिश्रमी व्यक्तिहरुको पहिचान गरी EBIC (Entrepreneur Business Incubation Centre) स्थापना गरिएको छ । कृषकको परिश्रमी हातलाई उत्पादन र बजारसँग जोडने कार्य भइरहेको छ ।

**पूर्वाधार विकास निर्माण:** यस नगरमा बिगत तिन वर्षभित्र सबै टोलमा ग्रामीण सडक मार्गको पहुँच पुग्नुको साथै नयाँ ट्र्याक १०४ किमी, सडक ग्राभेल १४ किमी, सडक कालोपत्रे १० किमी, सडक विस्तार १२२ किमी, सडक मर्मत ९५ किमी, गोरेटो ८ किमी, पुल ९ वटा, कल्भर्ट निर्माण २४ वटा सम्पन्न भएका छन । भौतिक पूर्वाधार अन्तर्गत ४७ वटा खानेपानीका ट्याङ्की निर्माण गर्नुका साथै २५ वटा मर्मत, लिफ्टिङ खानेपानी ५ वटा, धारा निर्माण १९९ निर्माण भई खानेपानीको क्षेत्रमा उल्लेख्य कार्य भएको छ । सिँचाइको क्षेत्रमा नयाँ कुलो निर्माण ६४४६ मि, कच्ची नाली ५३०० मि, बाँध निर्माण ९ स्थानमा रहेको छ । यसका अतिरिक्त भवन निर्माण( सामुदायिक भवन, विद्दयालय, स्वास्थ्य केन्द्र ) ७२ वटा , ५ वटा टोलमा सडक बत्ती, खेलकुद मैदान १ वटा रहेक छन । आब २०७७/ ०७८ मा घर नक्सा दर्ता १२७

मध्ये १२० वटा पास भएको, नियमित भएको संख्या ३० र अभिलेखीकरण संख्या ७० रहेको छ । १४ वटै वडा कार्यालयमा इन्टरनेट पहुँच,सडक निर्माण कार्य सम्पन्न भएका छन भने १५ शैयाको अस्पताल निर्माण सम्झौताको चरणमा पुगेको छ । पक्कै पनि यी उपलब्धि पर्याप्त छैनन तर यिनले विकास कार्यको आधारविन्दु तय भएको दृश्य देखाएका छन ।

**सार्वजनिक सेवा प्रवाह र सुशासन:** नगरबाट सम्पादन हुने कार्यहरु Digital Governance, Robotics र Artificial Intelligence बाट अभिप्रेरित छन । स्थानीय तहको सेवालाई जनमुखी बनाउन प्रविधि र सूचनाको प्रयोग गरी १४ वटै कार्यालयहरुबाट नै सम्पादन हुने व्यवस्था मिलाइएको छ । सबै वडा कार्यालयहरुमा आन्तरिक नेटवर्क जडान भैसकेको छ । नगरपालिकाले **E-payment gateways, CC-Cameras installation, Fiber lease line internet connectivity, E-attendances system, DMS-Document Management System for paperless governance, Digital signature, Digital Municipal Profile** जस्ता कार्यहरु कार्यान्वनमा ल्याइसकेको छ । यसले जनमुखी सुशासनलाई प्रश्रय दिनुका साथै दैनिक कार्य प्रणालीमा शीघ्रता आएको छ ।

**पारदर्शिता र सूचनाको अवस्था:** नगरपालिकाले यस क्षेत्रको सुधारका लागि अनलाईन कर/गैरकर भुक्तानी, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, वेभसाइटमा नियमित सूचना सम्प्रेषण तथा Mobile and Web apps लागू तथा सामाजिक सञ्जालको प्रयोगमा बढोत्तरी गरेको छ । कोभिड १९ को दैनिक तथ्य तथ्यांकको सार्वजनिक गरी जनताको सुसूचित अधिकारलाई सम्मान गर्नुका साथै नागरिकका सूचना, उजुरी तथा अन्य समस्याको सुनुवाईमा जोड दिइएको छ । कार्यालयमा उजुरी पेटीका, नागरिक वडापत्र, हेल्प डेस्कको व्यवस्था गरिएको छ भने टेलिभिजन र रेडियोमा जनतासँग मेयर कार्यक्रम सञ्चालनमा ल्याइएको छ । नगरले मासिक रुपमा खर्चको विवरण सार्वजिक गर्नुका साथै सूचनाको हकको कार्यान्वयनमा जोड दिएको छ ।

**Data Management:** नगरको सम्पूर्ण तथ्याङ्कहरु डिजिटल प्रणालीमा राखिनुका साथै Document Management System, Municipal digital profile, Bipad Portal, G-cloud server for accessing information, regular data-backup system , Data updating, monitoring, controlling by IT section, Ethical hacker for cyber security and database protection, Preparation of ICT/IOT regulating documents कार्यहरु सञ्चालनमा ल्याएको छ । नगर भित्रका सडकहरुको डिजिटल प्रविधिबाट अभिलेखीकरण गर्ने कामको सुरुवात गरी करिब सबै वडाको रेकर्ड Update गर्ने काम सम्पन्न भैसकेको छ । नगरभित्रका अव्यवस्थित, सुकुम्बासी तथा भूमिहीन, गरिब, बेरोजगार नागरिकको तथ्यांक संकलन भइसकेको छ । यस्तै नगरको जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कुल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैङ्गिक सशक्तिकरण सूचकाङ्क, सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति भवन, सडक, पसल, व्यवसायको विवरण सहितको तथ्यांक अभिलेख Update भई डिजिटल प्रोफाइल तयार गरिएको छ ।

**सरसफाई अभियानलाई नियमितता प्रदान:** नगरलाई सफा, सुन्दर र हरभरा बनाउन सरसफाई अभियानलाई **'ग्रिन वालिङ, क्लीन गाउँ सहर'**भन्ने नाराका साथ सरसफाइमा जोड दिइएको छ । नागरिकको सहभागितामा नै नगरको

वालिङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय वालिङ, स्याङ्जा २०७३

फोहर खेर नफाल्ने सोच अनुरुप स्रोत व्यवस्थापन केन्द्रको स्थापना भइरहेको छ। नगरपालिका क्षेत्रबाट निस्कने फोहोरलाई स्रोतमै वर्गिकरण गरी कुहिने र नकुहिने छुट्टाई फोहोर उत्पादनको मात्रालाई कम गर्न र फोहोरमैलाको वैज्ञानिक व्यवस्थापनका लागि जनसहभागितामै स्रोत व्यवस्थापन केन्द्र सञ्चालानमा आएको छ। यस कार्यबाट फोहोरलाई मोहर बनाउने अभियान साकार हुनेछ।

**स्थानीय शिक्षा:** नगरको शिक्षालाई थप व्यवस्थित र गुणस्तरीय बनाउन निशुल्क पाठयपुस्तक, दलित तथा अपाङ्ग छात्रवृत्ति, माविमा पुस्तकालय, ICT, विज्ञान प्रयोगशाला, कम्युटरको व्यवस्था गरिएको छ। आठवटा विद्यालयमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम लागू भएको छ। नगरका सबै सामुदायिक माध्यमिक विद्यालयमा कम्युटर र इन्टरनेटको पहुँच पुगेको छ। सबै बालबालिकाहरुलाई निःशुल्क खाजाको व्यवस्था मिलाइएको छ भने ६ देखि १२ सम्मका छात्राका लागि स्यानिटरी प्याडको व्यवस्थमा गरिएको छ। नगरपालिकाको शैक्षिक अवस्थाको Mapping गरी तथ्यांकगत अवस्था समेटेर गरी शैक्षिक प्रोफाइल तयार भएको छ। नगरक्षेत्रका विद्यालयको शैक्षिक सुधारमा केन्द्रित भई एकै दिन ७२ विद्यालमा व्यवस्थापन समिति गठन भएको छ। यूवा प्रतिभा पहिचान कार्यक्रमहरु अन्तर्गत विचार लेखन प्रतियोगिता सञ्चालन गरी नगरपालिकाबाट छनोट भएका सहभागीलाई प्रदेशमा सहभागिताका लागि पठाइएको छ। स्थानीय पाठ्यक्रम तथार गरी पाठयपुस्तक कार्य प्रारम्भ भएको छ र वैकल्पिक सिकाइका सामग्री तयार गरी कार्यान्वयन गरिएको छ।

**स्थानीय कानून निर्माण:** नगरपालिकाले स्थानीय कानुन निर्माण गरी त्यसको जानकारी संघीय सरकार र प्रदेश सरकारलाई गराएको छ। पहिलो नगरसभाबाट पारित विभिन्न ऐन, नियमावली, निर्देशिका, कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित गरेर नगरपालिकाले त्यसको जानकारी संघीय र प्रदेश सरकारलाई गराएको छ। हालसम्म विभिन्न १५ वटा ऐन, , नियमावली ४, निर्देशिका एवं कार्यविधि २० निर्माण भइसकेका छन् भने ७ वटा विधि निर्माणको क्रममा छन।

**स्थानीय न्याय सम्पादन:** न्यायिक समितिको कार्यको पहुँच टोलस्तरसम्म पुगेको छ। न्यायिक समितिमा विवाद दर्ता र कानूनि प्रकृया संचालन गर्न यस नगरपालिकालमा कानून निर्माण तथा न्याय सम्पादन गरी कर्मचारीको व्यवस्थापन गरिएको छ। कानूनहरुको निर्माण तथा न्याय सम्पादनमा कार्यविधि अनुसार प्रकृयाहरु विधि सम्पादन गरिन्छ। वडा स्तरमा मेलमिलाप केन्द्रहरुको स्थापना भई सकेको छ। मेलमिलाप कर्ताहरुको तालिम न्यायिक समिति मार्फत गराउदै आईरहेको छ। मेलमिलाप केन्द्रवाट विवाद समाधान भईरहेको छन् जसले सर्वसाधारणका लागी न्यायिक पहुच पुगेको छ। हालसम्म मेलमिलाप केन्द्र (वडा )वाट ९२ वटा विवादहरुको मेलमिलाप गराईएको छ। भने न्यायिक समितिमा विधिवत रुपमा आर्थिक वर्ष २०४/०७५ मा २० वटा, ०७५/०७६ मा ६५ वटा, ०७६/०७७ ३४ वटा र चालु आ.व मा ४६ वटा विवाद दर्ता भई ०७४/०७५ को सवै फर्छौट भएका छन। ०७५/०७६ को ५, ०७६/०७७ को ४ वट गरी जम्मा ९ वटा विवाद मुलतवीमा रहेको र यस वर्षको ०७७/०७८ मा ४६ मध्ये २७ वटा विवाद समाधान भएका छन भने १९ वटा विवादहरु चालु अवस्थामा रहेका छन अहिले कोभिड १९ का कारण यी विवादहरु छलफलमा रहरेका छन्।

**घरबास पर्यटन (होमस्टे):** स्थानीय भाषा, संस्कृति र कलाको संरक्षण र विकासका अतिरिक्त स्थानीय जनसमुदायमा स्वरोजगारका अवसर सिर्जना गर्न, जीवनस्तरमा सुधार ल्याउन, विपन्न, महिला, आदिबासी जनजाती समेतको संलग्नता

रहने गरी पर्यटन व्यवसायबाट प्राप्त हुने लाभलाई समुदायको पहुँचभित्र ल्याउने संरचनाको निर्माण र विकासका लागि होमस्टेको कार्य अघि बढाइएको छ। नगरभित्र हालसम्म ११ वटा होमस्टे दर्ता भएका छन।

**कोभिड १९ व्यवस्थापन:** नगरपालिका क्षेत्रमा कोभिड १९ को संक्रमणबाट नागरिकलाई बचाउन Crisis Management Center को निर्णय बमोजिम बैशाख १६ बाट जनस्वास्थ्य विपद अवस्थाको घोषणा गरिएको हो। नागरिकको उपचारका लागि गह्रौ प्राथमिक स्वास्थ्य केन्द्रमा RRT र समुदायस्तरमा रहेको CRRT परीक्षण गरी संक्रमण रोकथाम र नियन्त्रणका लागि प्रयास गरिएको छ। नगरपालिकाबाट निरन्तर रुपमा टोल बस्तीमा गई संक्रमण रोकथाम र नियन्त्रणका लागि सचेतीकरण गर्नुका साथै १७ वटा स्वास्थ संस्था ९९ जना महिला स्वयम सेविकालाई निगरानी र सचेतनाको कार्यमा प्रयोग गरिएको छ। कोभिड १९ को दोस्रो लहरको दरलाई कमी गर्न गह्रौ प्राथमिक अस्पतालमा अक्सिजन र Patient Monitor सहितको २५ शैया क्षमताको आइसोलेसन कक्ष निर्माण गरी संक्रमण पश्चात स्वास्थमा समस्या भएमा Mild र Moderate बिरामीहरुको उपचार गरिएको अवस्था छ।

कोभिड १९ को संक्रमण देखिएका व्यक्तिहरुबाट अन्य व्यक्तिहरुमा असर नयुनीकरण गर्नका लागि नगरपालिकामा २ वटा स्वास्थ्यकर्मीहरुको CICT टोली गठन गरी १४ वटै वडामा परिचालन गरिएको अवस्था छ। Home Isolation मा रहनु भएका व्यक्तिहरुलाई घरमै गई स्वास्थ्य परीक्षण गरी थप समस्या देखिएमा अस्पताल समेत पुर्याउने गरिएको छ। जेठ मसान्तसम्म संक्रमितको संख्या ८०१ जना, मृतकको संख्या ३२ जना, निको हुनेहरु ६१२ जना, सक्रिय संक्रमित संख्या १८९ जना, अस्पतालमा भर्ना हुनेको संख्या ११० उपचार पश्चात निको हुने ९२ जना, हाल अस्पतालमा उपचाररत १४ जना, अन्यत्र अस्पतालमा रेफर गरिएको संख्या १६ जना रहेको अवस्था छ।

वालिङ नगरपालिकाले नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकारको पन्ध्रौ योजना मार्गदर्शन, प्रदेश सरकारको मार्गदर्शन तथा प्राथमिकताहरु तथा यस नगरपालिकाको आवश्यकता तथा रणनैतिक योजना स्मार्ट सिटी सम्वन्धी योजना समेतलाई आधार लिई कार्यक्रम सञ्चालन गर्दै आएको छ। हाम्रो दृष्टिकोण स्पष्ट छ, गन्तव्य निश्चित छ। लक्ष्यहरु निर्धारित छन, नीति र कार्यक्रम जनमुखी छन, कार्यान्वयन परिणामुखी छ। दृष्टीकोण—कार्यक्रम—गन्तव्य— स्पष्ट छ। हामीले तीन वर्षको छोटो अवधिमै उत्साहवद्र्धक उपलब्धि हासिल गर्न सफल भएका छौ। माथिका उपलब्धिले स्मार्ट वालिङ निमार्ण गर्न बलियो आधारशिला निमार्ण गरेकोछ। यस आबमा नेपाल नगरपालिका संघको मूल्यांकन सूचक अनुसार सम्माननीय प्रधानमन्त्रीज्यूबाट यस नगरपालिका पुरस्कृत समेत भएको सुखद अनुभूति हामीसँग छ।

हाम्रो विकासको गति Target Based मा छ। विकासका लक्ष्य परिभाषित छन। तोकिएका सूचकहरु नतिजा प्राप्त गर्ने दिशामा क्रियाशील छन। वालिङको विकासको Baseline तयार भएको छ। Envision गरेका कार्यक्रमले आधारशीला निर्माण गरेका छन। कोभिड १९ को चपेटामा परेकोको कारण जुन लक्ष्य र सोच थियो त्यसको कार्यान्वयनमा असहजता आएको छ। तैपनि जनताको विकासमुखी अधिकारलाई सम्मान गर्ने लक्ष्यमा हामी दृढ छौ। विकासको गति क्षणिक रुपमा रोकिएको हो तर अवरुद्ध भएको छैन। विकासका एजेण्डा सान्दर्भिक नै छन। मात्र महामारीका बीचमा विकासका प्राथमिकता बदलिएका छन। अबको हाम्रो कार्यदिशा स्वास्थ्य, शिक्षा, रोजगारी र आर्थिक पुर्नउत्थान हुनेछ।

**सुखी र खुशी वालिङबासी**को आकांक्षा पूरा गर्न महामारीका कारण समग्र सामाजिक .आर्थिक पक्षमा परेको प्रतिकुलता समेतलाई सम्बोधन गर्दै देहायका रणनीति आधार र पक्षहरुलाई ध्यानमा राखी आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । नगरवासी वुवा आमा दाजु भाइ तथा दिदी बहिनीहरुवाट व्यक्त भएका जनचाहनाहरुलाई समेटदै यहाँहरुको चाहना तथा समग्र नगरको आवश्यकता अनुसार नीतिहरु अवलम्वन गरेका छौं ।

## आगामी आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम

### १) स्वास्थ्य सम्वन्धी नीतिहरु

- **'स्वस्थ नगरबासी : स्वस्थ नगर'** भन्ने नाराका साथ सबै नागरिकमा गुणस्तरीय स्वास्थ्य सेवा पहुँच सुनिश्चित गर्ने कार्यमा सरकार क्रियाशील छ । स्वास्थ्य सेवालाई पारदर्शी र व्यवस्थित बनाउन टोकन र विरामीको प्रोफाईललाई Digitalization प्रक्रियामा लगिनेछ ।
- सबै स्वास्थ्य संस्थाबाट राष्ट्रिय मापदण्ड बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु निः शुल्क उपलब्ध गराईने छ । मासिक रुपमा प्रत्येक वडामा चिकित्सकको व्यवस्थासहित नागरिकको स्वास्थ परीक्षण गरिनेछ ।
- स्वास्थ्य सेवाको माग पक्षलाई थप सबल बनाउन  नागरिकको घरदैलोमा स्वास्थ्य पहुँच पुर्याउन  महिला स्वास्थ्य स्वयमसेविकालाई परिचालन गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुलाई बाल, किशोर किशोरी, अपाङ्ग तथा जेष्ठ नागरिक मैत्री संस्था बनाइनुका साथै नागरिकहरुको पहुँच पुग्ने गरी चिकित्सकीय सेवा, प्रयोगशाला सेवा तथा अनुसन्धान कार्यहरुमा जोड दिइनेछ।
- समुदायमा आधारित स्वास्थ्य स्वयंसेवक, स्वास्थ्य आमा समूह, टोल विकास संस्था जस्ता संघ संस्था र आम नागरिकहरुको परिचालन गरी सचेतनामुलक गतिविधि सञ्चालन गरिनेछ ।
- नगरभित्र महामारी तथा आउनसक्ने रोगहरुको पहिचान, नियन्त्रण तथा उपचारका लागि स्वास्थकर्मीसहितको Rapid Response Team  लाई तयारी अवस्थामा राखी परिचालन गरिनेछ ।
- नगर अन्तर्गत विशेषज्ञ सेवा सहितको ५० वेडको अस्पताल यथासक्य छिटो निर्माण गरी संचालनमा ल्याईने छ । नगर भित्रका प्रमुख पर्यटकीय स्थलहरुलाई स्वास्थ्य मैत्री बनाईने छ ।
- स्वास्थ संस्था /केन्द्रको समन्वयमा टोल टोलमा अखाद्य पदार्थहरुको प्रयोगलाई रोकथाम गर्न चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- नगरभित्र पाठेघरको क्यान्सरको पहिचान तथा मृगौला परीक्षणको दायरा फराकिलो बनाई  समयमै रोग पहिचान गरी रुग्णता दर र मृत्यु कम गरिनेछ ।
- नगरका प्रत्येक स्वास्थ्य संस्थामा सेवा प्रवाह विवरणको विद्युतीय अभिलेख राख्ने र प्रतिवेदन गर्ने कार्यलाई कडाईका साथ लागु गरिने छ । IOT माध्यमबाट रिपोटिङ गर्ने व्यवस्था गरिने छ ।

- परिवार नियोजनका पाँचचवटै आधुनिक सेवाहरुलाई सम्पूर्ण सरकारी स्वास्थ्य संस्थाहरुबाट १२ महिना नै उपलब्ध हुने गरी सुनिश्चित गरिने छ भने हाल दुईवटा संस्थाबाट दिइएको लामो अवधिको परिवार नियोजनको सेवालाई क्रमश सबै संस्थाबाट दिने व्यवस्था मिलाईनेछ।
- शिक्षण संस्थाहरुसँग समन्वय गरी बालबालिकाहरुलाई स्वास्थ सेवा प्रदान गर्न स्कुल– नर्स कार्यक्रम लागू गरिनेछ।
- निजी तथा गैर सरकारी क्षेत्रबाट सञ्चालित, निदान केन्द्र औषधी पसल, आयुर्वेद लगायतका स्वास्थ्य संस्थाहरुको कानूनी व्यवस्था गरी सञ्चालन अनुमति, नविकरण, सहजीकरण र नियमन गरिने छ।
- सम्पूर्ण नगरवासीलाई स्वास्थ्य बीमाको दायरामा समेटिने छ। विपन्न नागरिकहरुलाई नगरबाटै बिमा गर्ने व्यवस्था मिलाइनेछ। बिमितको संख्या बढोतरी गर्दै पहुँच विस्तार गरिनेछ।
- नगरभित्र क्षयरोग मुक्त नगरपालिका घोषणाका लागि प्रक्रिया अगाडि बढाइनेछ। एच.आई.भी, औलो तथा पानीबाट सर्ने लगायतका सरुवा रोगहरुको रोकथाम, नियन्त्रण, उपचार तथा पुनः स्थापनामा प्राथमिकता दिई नियमित रुपमा निगरानी गर्ने पद्धतिको विकास गरिनेछ।
- नगरपालिका भित्र पाइने जडिवुटीहरुको अनुसन्धान तथा पहिचान गरी केन्द्रको रुपमा विकसित गराई आयुर्वेद महाविद्यालयको स्थापना गर्न पहल गरिने छ।
- सवै वडाका स्वास्थ्य सेवाको पहुँचलाई संस्थागत गर्नका लागि स्वास्थ केन्द्रमा एक एक वटा एम्बुलेन्सको व्यवस्था गरिदै लगिने छ। स्वास्थ्य केन्द्रको सुदृढिकरण गरी आवश्यक उपकरण उपलब्ध गराई औषधि, खोपको वितरण समूचित रुपमा उपलव्ध गराई रिफरल केन्द्रको रुपमा विकसित गराइनेछ।
- गह्रौ प्राथमिक अस्पतालबाट Tele service , Mobile Highway, Service Card लागू गरिनेछ।
- पतंजलि योग पीठको केन्द्र निर्माण गर्नका लागि जग्गा उपलब्ध गराउन पहल गरिने छ।
- गह्रौ प्राथिमक अस्पताल रहेको CEONC सेवा विस्तार गरी जटिल प्रकारका प्रसूतिहरुको शल्यक्रिया गर्ने व्यवस्था मिलाइनेछ।
- राष्ट्रिय सामुदायिक महिला स्वास्थय स्वयम सेविकाको कामको आधारमा पुस्कृत गर्ने प्रक्रिया अगाडि बढाइनेछ। महिला स्वास्थ्य स्वयम सेविकाहरुसँग रहेको अक्षय कोषलाई स्वीकृत गरी आवश्यक रकम थप गरी व्यवस्थित गरिनेछ।
- गरीब सिमान्तकृत दलित, महिला बालवालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङगता भएका तथा दीर्घ रोगीहरुको पहुँच स्थापित गरिनेछ।
- स्वास्थ्य सेवा बिमालाई थप व्यवस्थित र विस्तार गरी विपन्न दलित पिछडिएका वर्ग भएको परिवारको स्वास्थ्य विमा वडा स्तरबाट निशुल्क रुपमा गर्न आवश्यक प्रबन्ध गरी विस्तार गरिनेछ।
- निश्चित मापदण्ड बनाई सशुल्क तथा निशुल्क स्वास्थ्य परामर्श सेवा प्रवाहको व्यवस्था गरिनेछ

- कोभिड १९ को व्यापकताले सिर्जना भएको असरलाई आंकलन गरी थप Response रणनीति अन्तरगत पहिचान, उपचार तथा Mitigation रणनीत अन्तर्गत क्वारेन्टाइन व्यवस्थापन, राहत वितरण, सचेतना कार्यक्रम, सूचना तथा तथ्याङक सम्प्रेषणमा जोड दिइनेछ।
- यसका साथै स्वास्थ्य शिविर, विशेषज्ञ स्वास्थ्य जाँच कार्यक्रम जस्ता लक्षित कार्यक्रम टोल स्तरसम्म लागु गरिनेछ।
- स्वास्थ्य सेवामा सम्लग्न कर्मचारी तथा स्वास्थ्यकर्मीको मनोवल वृद्धि गर्दै भौतिक तथा पेशागत सुरक्षा सुनिश्चित गरिनेछ र उपचार तथा नियन्त्रणमा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीको मनोबललाई उचो बनाउन प्रोत्साहन तथा जोखिम भत्ताको व्यवस्था गरिनेछ। महामारीको समयमा कार्यसम्पादनमा उत्कृष्टता प्रदर्शन गर्ने कर्मचारीलाई सम्मान समेत गरिनेछ।
- स्वास्थ्य चौकीहरुमा रहेका प्रयोगशालाहरुको क्षमता विकास गर्नुका साथै No Home Delivery कार्यक्रम अन्तर्गत वर्थिङ्ग सेन्टरहरुको विस्तार गरिनेछ।
- महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम, बालस्वास्थ्य तथा पोषण कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, राष्ट्रिय खोप तथा विशेष खोप, आइरन तथा जुकाको औषधी लगायतका राष्ट्रिय स्तरका कार्यक्रमहरु प्रभावकारी कार्यान्वयनका लागि नगर स्वास्थ्य नीतिको कार्यान्वयन गरिनेछ। यस सम्बन्धी कानुनहरुलाई मर्जर गरी स्वास्थ्य सम्बन्धी एकीकृत कानुन निर्माण गरिनेछ।
- कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि छुट्टै कोषको व्यवस्था गरी सरकारी, नीजि र अन्य क्षेत्रबाट प्राप्त हुने रकम गरी यसको पारदर्शी रुपले परिचालन गरिनेछ।
- बन्दाबन्दीका अवस्थामा औषधी, खाद्यवस्तु लगायत उत्पादमुलक उपभोग्य वस्तुहरुको सहज आपूर्ति हुने व्यवस्था गरिनेछ।
- बन्दाबन्दीबाट प्रभावित गरीब, असाहय तथा विपन्न परिवार दैनिक कमाई गरी जीवनयापन गर्ने व्यक्ति तथा बन्दाबन्दी र कोभिड १९ ले निम्त्याएका अन्य कारणले रोजगारी गुमाएका व्यक्तिहरुलाई लक्षित गरी राहत उपलब्ध गराइनेछ।
- आधारभूत स्वास्थ्य सेवा हरेक नागरिकको पहुँचमा पुर्याउनका लागि वालिङ नगरपालिका वडा नं १४ को डुम्रेभञ्याङमा शहरि स्वास्थ्य केन्द्रको स्थापना गरिने छ।

## २. शिक्षा सम्वन्धी नीतिहरु

- **'सामुदायिक विद्यालयको सुधारः बालबालिकाको भविष्यको आधार'** भन्ने नाराका साथ नगरको शिक्षा प्रणालीको सुधारमा गर्दै अब्बल व्यवस्थापकीय क्षमताको विकास, सामुदायिक एवं संस्थागत विद्यालय बीचको भिन्नताको अन्त्य, असल अभ्यासहरुको आदान प्रदान, नमुना विद्यालय नीति अवलम्बन गरिनेछ।
- **"बालवालिकालाई विद्यालय पठाऔं र पढाईमा लगाऔं"** कार्यक्रम लागू गरी विद्यार्थीले कम्तिमा माध्यमिक तह पुरा गर्ने व्यवस्था मिलाईने छ।

वालिङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय वालिङ, स्याङ्जा २०७३

- नगरभित्र रहेका शिक्षण संस्थाको नक्सांकन गरी भूगोल र न्यूनतम विद्यार्थी संख्याको आधारमा समायोजन तथा विद्दयालयलाई मर्जर गरिनेछ ।
- गुणस्तरीय शिक्षाका लागि विद्यालयमा प्राध्यानाध्यापक र विषयगत शिक्षकका बीचमा सूचकसहित कार्यसम्पादन करार गरिनेछ । मासिक रुपमा सो सूचकसहितको कार्य प्रगति नगरपालिकामा पेस गर्नुपर्ने व्यवस्था मिलाईनेछ ।
- नगरभित्र प्राविधिक जनशक्ति उत्पादनलाई प्राथमिकता दिई सबै सामुदायिक विद्यालयलाई पूर्वाधार सम्पन्न शिक्षण संस्थाको रुपमा विकास गरिने छ ।
- आधारभूत तहमा वालिङको गौरब, संस्कृति, सभ्यता, मूल्य मान्यता र एकताको सम्वद्र्धन एवम् नागरिक कर्तव्यको विषय समावेश गरी स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक लेखन कार्य गरिनेछ ।
- सबै माध्यामिक विद्यालयहरुमा सूचना प्रविधि प्रयोगशाला र उच्च गतिको इन्टरनेट सुविधा विस्तार गरी online Class लाई व्यवस्थित गरिनेछ । ERP School Management System निर्माण गरिनेछ साथै central level बाट प्रत्यक विद्यालयहरुलाई control and monitoring गरिने व्यवस्था मिलाईनेछ । e-attendances devices install हाजिरिको व्यवस्था गरिनेछ ।
- विद्यालयको भौतिक संरचना बालमैत्री र अपाङगमैत्री बनाइनुका साथै बालविकास केन्द्रको बालमैत्री बनाई सिकाई वातावरण सृजना गरिनेछ ।
- सामुदायिक तथा संस्थागत अन्तर विद्यालय अनुभव आदानप्रदान गरी क्षमता विकास तथा सिकाई पद्धतिमा सामञ्जस्या ल्याउन समन्वयकारी भुमिका खेलिनेछ ।
- सिकाई उपलब्धि र कार्यसम्पादनका आधारमा शिक्षकलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ र नगरशिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा कर्मचारीका क्षमता विकास गरिनेछ ।
- विद्यालय समायोजन भै प्रयोगमा नआएमा विद्यालय भवनलाई बाल विकास केन्द,्र सामुदायिक सिकाई केन्द्र तथा समुदायद्धारा उपयोग तथा संरक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
- बालबिकास केन्द्र र आधारभूत तह कक्षा १—५ का वालबालिकाहरुलाई दिवा खाजाको व्यवस्था गरिनुका साथै विषयगत शिक्षकहरुलाई मागमा आधारित तालिमको व्यवस्था गरिने छ ।
- विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण÷सुधार सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुका साथै सवै विद्यालयहरुलाई एकै प्रकारको रङ रोगन लगाईने छ ।
- नगरस्तरीय अतिरिक्त क्रियाकलाप (खेलकूद, हाजिरीजवाफ, वक्तृत्वकला, संगीत आदि) सञ्चालन गरिने छ ।
- प्र.अ.र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई विद्यालय सुधार योजना निर्माण सम्बन्धी तालिमको व्यवस्था गरिने छ ।
- बालविकास केन्द्रका सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीलाई क्षमता विकास कार्यक्रम अन्र्तगत आवश्यक तालिमको व्यवस्था गरिने छ ।

नगर बालिङ नगरपालिका कार्यपालिकाको कार्यालय बालिङ, स्याङ्जा २०७३

- विद्यालय निरीक्षण/अनुगमन कार्यलाई प्रभावकारी बनाउन नतिजामुखी अनुगमन प्रणालीको खाका तयार गरी Tracking System लागू गरिनेछ।
- सामुदायिक विद्यालयमा प्रधानाध्यापकको छनोट तथा सरुवाको लागि नगरमा योग्यतासूची तयार गरी विज्ञद्धारा परीक्षा लिई प्रधानाध्यापकको जिम्मेवारी दिइनेछ।
- नगरका सम्पूर्ण विद्यालयहरुले वाषिक योजना निर्माण गरी नगरमा स्वीकृतिका लागि पेस गर्ने र सो योजनाको मूल्यांकनका आधारमा अनुदान, प्रोत्साहन, कार्यक्रम वितरण गरिनेछ।
- विद्यालयमा छात्राहरुहरुको स्यानिटरी प्याडको प्रयोग, व्यवहार, मनोभावना, ज्ञान र सीपको आदान प्रदान गर्न छात्रासँग उपप्रमुख कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयमा छात्राहरुहरुको स्यानिटरी प्याडको प्रयोगलाई व्यवस्थित बनाउन अटोमेटिक स्यानिटरी प्याड मेसिन जडानमा जोड दिइनेछ।
- विद्यालयलाई जङ्क फुडबाट मुक्त राख्दै किचन गार्डेनको रुपमा विकास गरी स्थानीय उत्पादनको प्रयोगमा जोड दिइनेछ।
- प्रत्येक २/२ महिनामा आधारभूत तह र मा.वि.तहको प्र.अ. वैठक नगरपालिकामा बस्ने व्यवस्था मिलाईने छ। आवश्यकता अनुसार वडामा पनि शैक्षिक सुधारका लागि बैठक बस्ने व्यवस्था मिलाइनेछ।
- विद्यालयहरुमा प्रयोग भइरहेको शिक्षक डायरीको प्रयोगलाई वैज्ञानिक र वस्तुनिष्ठ बनाई नियमित मूल्यांकन गर्ने पद्धतिको विकास गरिनेछ।
- आधारभूत तह कक्षा ८ को परीक्षा नगरस्तरीयरुपमा सञ्चालन र परीक्षण व्यवस्थालाई वैज्ञानिक बनाइनेछ ।
- प्रत्येक वडामा एउटा माध्यमिक विद्यालयलाई क्रमशः नमूना विद्यालय र सूचना प्रविधि सम्पन्न बनाउदै माध्यमिक विद्यालय तहमा क्रमशः ईनोभेशन सेन्टर खोलिदै लगिने छ।
- सम्पूर्ण विद्यालयहरुलाई अंग्रेजी, गणित र विज्ञान विषय सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।
- कक्षा ११ र १२ तथा उच्च शिक्षामा विषयगत विशिष्टता कायम राख्नका लागि विद्यालय र क्याम्पसबीच समझदारी कायम राखिने छ।
- सबै विद्यालयमा स्कुल नर्स कार्यक्रम लागू गरिनेछ। नगरक्षेत्र भित्रका शैक्षिक संस्थामा शैक्षिक गुणस्तर सुधारका कार्यक्रम सञ्चालन गरिने छ।
- विद्यालयहरुको गुणस्तर वृद्धि गर्न प्रतिस्पर्धाको वातावरण सृजना गरी पुरस्कार एवं दण्डको व्यवस्था गरिने छ।
- सामुदायिक विद्यालयहरुको समग्र व्यवस्थापनका सुधारका लागि ई.हाजिरी, नेटवर्क, डिजिटल गभर्नान्स लगायतका विशेष खालका कार्यक्रम सञ्चालन गरिने छ।
- श्रव्य दृश्यको माध्यमवाट सिकाइ सहजीकरण गरी गुणस्तरीय शिक्षा उपलव्ध गराउनुका साथै विद्यालय उमेरका सवै बालबालिकालाई विद्यालय भर्ना गराईने र टिकाई राख्ने व्यवस्था मिलाइने छ।
- विद्यालय छाड्नुको कारण अध्ययन अनुसन्धान गरी सुधारका कार्यक्रम सञ्चालन गरिने छ र कक्षा १ मा भर्ना भएका सवै विद्यार्थीले माध्यमिक शिक्षा पूरा गर्ने व्यवस्था मिलाईने छ।

- विद्यार्थीहरुमा उच्च नैतिक चरित्र निर्माण गरिने र विद्यार्थीहरुमा आदर्श र अनुशासित नागरिकका गुणहरु विकास गरिने छ। प्रत्येक विद्यालयमा योगशिक्षाको विस्तार गर्न शिक्षकलाई तालिम दिइनेछ।
- प्रत्येक सामुदायिक विद्यालयमा टिनको छाना मुनी बस्ने वाध्यताको अन्त्यका लागि सिलिङ फल्स क्रमशः राख्ने नीति क्रमश अवलम्वन गरिनेछ।
- माध्यमिक विद्यालयका छात्राहरुलाई महिनावारीको समयमा आरामका लागि  विश्राम कक्ष निर्माणको निर्माणमा जोड दिइनेछ।
- विद्यालयमा बालक्लब गठन गरि बालमैत्री वातावरणको सृजना गरिनेछ। बालबालिकालाई नेतृत्व विकासका लागि युवा सांसद कार्यक्रमको अभ्यास गरिनेछ।
- नगर पालिकामा रहेको Innovation Lab लाई न्युन शुल्कमा ईच्छुक विद्यार्थिहरुलाई अध्यापन गराई नयाँ नयाँ अन्वेषणका लागि उत्प्रेरित गरिनेछ।
- शिक्षित वेरोजगार समाधानका लागि लोकसेवा तथा जंगी प्रशिक्षण कक्षा सञ्चालन गरी राष्टसेवा गर्ने अवसर दिलाइनेछ।
- विद्यालयको मासिक प्रतिवेदन, माग फाराम, कार्यक्रम माग, शैक्षिक तथ्यांक आदि अनलाईन प्रणालीबाट पठाउने ब्यवस्था मिलाईने छ।
- बालमैत्री वातावरणका लागि आवश्यक पूर्वाधार निर्माणमा जोड दिई कक्षाकोठालाई  शैक्षिक अनुकुलित बनाइनेछ।
- लकडाउनको कारणले विद्यालय बन्द रहेको अवस्थामा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम वैकल्पिक विधिहरु प्रयोग गरी पठनपाठन गर्ने व्यवस्था मिलाईनेछ।
- लकडाउनका कारण भएको शैक्षिक क्षतिलाई पूरा गर्न अतिरिक्त समय व्यवस्थापन गरी पठन पाठनको व्यवस्था मिलाइनेछ।
- सामुदायिक र संस्थागत विद्यालय बीचको दुरी घटाई समान बनाउने रणनीति अवलम्बन गरिनेछ।
- संस्थागत विद्यालयद्धारा विद्यार्थीहरुलाई उपलब्ध प्रदान गर्नुपर्ने १० प्रतिशत छावृत्तिलाई प्रभावकारी कार्यान्वयन गराईनेछ।
- सामुदायिक विद्यालयहरुलाई विद्यार्थीको आवत–जावत व्यवस्थाका लागि सवारी साधन व्यवस्थापन गर्न प्रेरित गरिनेछ।
- प्रत्येक वडामा ICT सम्बन्धी अध्यन अध्यापन गराउन शिक्षकको एक समूह गठन गरी सोलाई  प्रशिक्षित गर्ने कार्यलाई  विस्तार गरिनेछ।
- शैक्षिक गुणस्तरको अभिवृद्धिका लागि साझेदारी संस्थाहरुसँग समन्वय गरी  तालिम, सूचना प्रविधि, ज्ञान आदान प्रदान कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयमा ज्येष्ठ नागरिक र स्कुले विद्यार्थीका बीचमा Knowledge Transfer Programme  लागू गरिनेछ।

वालिङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङ्जा
२०७३

- विद्यार्थीहरुलाई स्थानीय कलाकारबाट संस्कृति झल्कने गीत, नाच, कला, रहनसहन आदिको बारेमा Cultural Transformation Programme गरिनेछ।
- स्थानीय डकर्मी र सिकर्मीबाट डोको, नाम्लो बुन्ने तथा हलो बनाउने जस्ता परम्परित तथा रैथाने आय आर्जनका साधनहरुको प्रयोग र अभ्यासबारे स्कुले विद्याथीहरुलाई सिकाइनेछ।
- विद्यालयबाट महिनामा एकदिन विद्यार्थीहरुलाई कुटोकोदालो गर्ने, खेतीपाती गर्ने, जमिन खन्नेजस्ता प्रयोगात्मक क्रियाकलापमा सहभागी गराइनेछ।
- Innovaion lab र EBIC केन्द्र लाई प्रभावकारी वनाई विकास कार्यलाई तिव्रता दिईने छ।

## ३. कृषि तथा पशु विकास सम्वन्धी नीति

- **कृषक र उद्दमी : वालिङका सारथी** भन्ने नारालाई साकार पार्दै कृषि योग्य भूमिको पूर्ण उपयोग गरी सघन खेती प्रणालीका माध्ययमबाट कृषि उत्पादन बढोत्तरी गर्ने नीति कार्यान्वयनमा ल्याइनेछ।
- दातृ निकाय, सहकारी, कृषक र नगरपालिकाको शेयरमा वालिङ प्रोडक्ट होल्डीङ को—अपरेटिभ संचालनका लागि कार्यविधि तर्जुमा गरी बजारीकरण गरिनेछ।
- सावजनिक वनक्षेत्रमा, सडक तथा राजमार्गको किनारामा , नदी उकास र उपयोग विहिन सार्वजनिक सरकारी जमिनमा फलफुल र अन्य विरुवा रोप्ने र संरक्षण गर्ने कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ।
- आँधी खोलाको किनारको बगरक्षेत्रमा वेत बाँस, खरबुजा, बयर खेती गर्न प्रोत्साहित गरिनेछ। निजी तथा बाँझो जग्गामा फलफुल तथा अन्य विरुवा लगाउन कृषकलाई अभिप्रेरित गरिनेछ।
- कृषकहरुलाई माटोको प्रकार गुणस्तर, हावापानी अनुकुल खेती गर्न मल, बिउ र प्राविधिक सेवा उपलब्ध गराईने छ। प्राविधिकहरु गोठ तथा फर्ममा पुगी पशुपंक्षी सम्बन्धि सेवा दिने व्यवस्था मिलाईनेछ।
- फलफुल तथा तरकारी भण्डारका लागी चिस्यान केन्द्र र दुग्ध संकलन तथा भण्डारणका लागी चिलिम केन्द्र यथोचित व्यवस्थाका लागी निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।
- प्रत्येक गाउँलाई प्राविधिक तालिम उपलव्ध गराई एक गाँउ एक उत्पादन कार्यक्रमलाई निरन्तराता दिईनेछ। एक घर : एक टनेल कार्यक्रम लागू गरिनेछ।
- प्रत्येक घरमा श्रममा आधारित खाद्यान्न कार्यक्रम अन्तर्गत कम्तीमा एक घर एक रोजगार सिर्जना गर्ने कार्यक्रमलाई आगामी आ.व.मा पनि निरन्तरता दिईने छ।
- कृषिलाई व्यासायिकरणको लागि हाईटेक नर्सरी, प्रोटेवल शित भण्डार, टनेल तथा थोपा सिंचाई जस्ता प्रविधिहरुको विस्तार गरिने छ।
- आधुनिक प्रविधियुक्त व्यवसायिक कृषि तथा पशुजन्य उत्पादनमा जोड दिई कृषकहरुलाई आम्दानी बढाउने खालका कार्यक्रमहरु संचालन गरिने छ। युवा कृषकलाई तोकिएको मापदण्ड अनुसार उद्यशीलता प्रवर्द्धन गर्न Start Up Business मोडल कार्यान्वयनमा ल्याइनेछ।

नगर कार्यपालिकाको कार्यालय
वालिङ नगरपालिका
वालिङ, स्याङ्जा
२०७३

- कृषि उपजमा किटनाशक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै जैविक विषादी र प्राङ्गारिक मलको प्रयोग गरी Agro Product मा बढावा दिईने छ।
- प्रत्येक वडामा Seed Bank स्थापना गर्दै जमिनको उत्पादकत्व र भूमिको प्रकारको आधारमा विभिन्न वडाहरुमा कृषि पकेट क्षेत्रका कार्यक्रमहरु संचालन गरीने छ।
- कृषिमा सहुलीयतपूर्ण व्याजदरको सुविधालाई नगरपालिका जमानतमा बसी सहकारी, बैक तथा वित्तिय संस्थाद्धारा ऋण उपलब्ध गराईने छ।
- दातृ निकायको सहयोगमा कोष खडा गरी सस्तो व्याजदरमा नगरपालिकाले उद्यमीहरुलाई ऋण उपलब्ध गराउने व्यवस्थाको विस्तार गरिनेछ।
- पशु बीमा, नश्ल सुधार तथा कृषि बीमा, पशु सुरक्षा एवं प्रवद्र्धन कार्यक्रम संचालन गरी दुग्ध उत्पादन तथा बजारीकरणको सुलभ ब्यवस्था गरिने छ।
- विदेशमा गई कृषि क्षेत्रमा काम गरेर स्वदेश फर्केका युवा कृषकलाई आफूले सिकेको सीपको प्रमाण पत्रमा आधार तथा Business Plan को मूल्यांकनका आधारमा Seed Money को व्यवस्था गरिनेछ।
- Indigenous Technology को प्रबद्धन गर्दै स्थानीय रैथाने प्रजातिका धान मकै, कोदो, कोसेवाली लगायतका अन्नहरुको संरक्षणको लागि बीउ बैक र व्यावसायीकरणका लागि कोसेली घरको स्थापना गर्ने नीति अवलम्वन गरिने छ।
- उपयुक्त वडाको छनौट गरी एक घर एक मौरी घारको नीति अवलम्वन गरिने छ र मौरी चरिचरनका लागि घर वरपर फूलजन्य विरुवाहरु रोप्न प्रेरित गरिनेछ।
- कृषि तथा पशुपंक्षी जन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियनत्रण सम्वन्धमा रोकथाम तथा नियन्त्रणको नीति अवलम्वन गरिने छ।
- निजी क्षेत्रको साझेदारीमा अत्याधुनिक वधशाला निर्माण गरी सहरी क्षेत्रमा वातावरणीय सुधारमा जोड दिइनेछ।
- गोलभेडा तथा फलफूल एवं अन्य कृषिजन्य वस्तुहरुको प्रशोधनको लागि प्रशोधन केन्द्र स्थापना तथा संचालनको लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।
- कृषकको सहभागिता र साझेदारीमा कृषि औजारको व्यापक रुपमा वितरणको नीति अवलम्वन गरिने छ।
- गैर सरकारी संस्था एवं परोपकारी संस्थाको सहयोगमा खुला तथा अनियन्त्रित रुपमा छाडिएका चौपायाको व्यवस्थापन गर्ने नीति अवलम्वन गरिने छ र यसमा प्राविधिक सहयोग नगरको रहनेछ।
- सुन्तला तथा कागती क्षेत्र विकास गरिनुका साथै एभोकार्ड खेती व्यापकरुपमा बिस्तार गरिनेछ। कृषि उपज र उद्यम उपजको बजारीकरणको विकास गरिने छ।
- GIS पद्धतिद्वारा Land Use प्रणालीको विकासका लागि भूमि बैक स्थापना गरिनेछ। भूमिको वर्गीकरण गरी गरी कृषि क्षेत्रको विशेष संरक्षण गरिने छ।



[signature]

- स्वदेशी तथा वैदेशिक संघ संस्था तथा निकाय संग संघिय कानुन अनुसार अनुदान, ऋण, तथा सहयोग प्राप्त गरी Bottom Up Approach मा कृषि तथा पशु विकास संचालन कार्यक्रम संचालन गरिनेछ।
- आर्थिक तथा सामाजिक क्षेत्रका हिसाबले पछाडी पारिएका वर्गहरुलाई प्राथमिकता दिई कृषि क्षेत्रमा रोजगार दिइनेछ। उनीहरु श्रममा आधारित खाद्यान्न कार्यक्रममा आबद् हुनेछन।
- वैदेशिक रोजगारीलाई कम गर्न कृषि पशुपालन र उद्योग व्यावसायहरुको व्यावसायिकरणमा विशेष प्राथमिकता सहित कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- मौसमी तथा बेमौसमि तरकारी उत्पादनका लागि बीउ,पुंजी तथा तालिमको व्यवस्था गरिनेछ र सो उत्पादनलाई बजारसँग आबद्ध गरिनेछ।
- बैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई कृषि क्षेत्रतर्फ आकर्षित गरी लगानी गर्न उत्पेरित गर्न Business Entrepreneurship सञ्चालनमा ल्याई स्वरोजगार तथा आत्मनिर्भर हुने व्यवस्था गरिनेछ।
- साना तथा निर्वाहमुखी पशुपालन गर्ने कृषकलाई दाना, घाँस, गोठ, खोर निर्माणमा अनुदान दिने व्यवस्था मिलाईनेछ र मागमा आधारित कार्यक्रमको निरन्तरता दिइनेछ।
- **एक घर एक करेसाबारी, पकेट क्षेत्रमा व्यवसायिक तरकारी'** भन्ने नाराका साथ तरकारी उत्पादनको प्रशस्त सम्भावना रहेको वडा नं १४ लाई "तरकारी पकेट क्षेत्र" मा विस्तार गर्ने कार्यलाई सहयोग गरिनेछ।
- "**एक घर एक करेसाबारी**"को नीति अवलम्बन गर्दै अर्गानिक तरकारी उत्पादनलाई नगरभरि विशेष अभियानका साथ संचालन गरी बिउबिजन, ज्ञान तथा सीप प्रदान गरिनेछ।
- नगरपालिका क्षेत्रमा सञ्चालित बैंक तथा वित्तीय संस्थाहरुले कम्तिमा १५ जना कृषकलाई कृषि ऋण उपलव्ध गराई सोही प्रयोजनमा सदुपयोग हुन गएमा वा यस नगरपालिका भित्रका विभिन्न समूह (आमा समूह, टोल विकास संस्था, क्लव) लाई नगद तथा वस्तुगत सहायता उपलव्ध गराएमा त्यस्ता बैंकलाई "स्मार्ट कार्ड" नामक टोकन प्रदान गर्ने नीतिगत व्यवस्था गरिनेछ।
- नगरभित्रका कृषि सहकारीहरुलाई सामूहिक खेती तथा करार खेती प्रणालीमा आबद्ध गराई कृषि क्षेत्रको उत्पादनमुखी कार्यमा लगाइनेछ।
- कृषकलाई लगानीका आधारमा अनुदान दिने नीतिगत व्यवस्थालाई परिमार्जन गर्दै उत्पादन भएको फसल वा वस्तुका आधारमा मात्र अनुदान दिने व्यववस्थाको सुरुवात गरिनेछ।
- कार्यमा लाग्ने ईन्धनको नियमित आपूर्तिलाई व्यवस्थित गर्न स्थानीय ईन्धन डिपोहरुसँग सहकार्य गरिने छ। ट्रयाक्टरलगायत कृषि औजारमा देखिएको एकाधिकारलाई नियन्त्रण गरिनेछ।
- बालीनालीमा देखिएको बाँदरको आंतकलाई न्युनीकरण गर्दै मिसन कागती कार्यक्रम लागू गरिनेछ र तेजपत्ता र हाँडे आखर खेतीमा जोड दिइनेछ।
- सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार हाटबजार संचालन गर्न आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइनेछ।

- माछा पोखरी निर्माण लागतको निश्चित प्रतिशत अनुदान उपलब्ध गराउनुका साथै माछा पालनमा प्राविधिक सहयोग उपलब्ध गराइनेछ।
- दुग्ध उत्पादक किसानहरुलाई प्रोत्साहित गर्न विशेष अनुदानको व्यवस्था गरिनेछ। नगरपालिका भित्र दुधको मूल्यमा एकरुपता कायम गरिनेछ।
- पशुपालन किसानहरुलाई दिँदै आएको पशु बीमा अनुदानलाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ। बाली तथा पशु संरक्षण कोषको व्यवस्थालाई थप व्यवस्थित गरिनेछ।
- सिंचाई सुविधा पुगेको र कृषियोग्य क्षेत्रलाई घडेरीमा परिवर्तन गर्ने कार्यलाई निरुत्साहित गरिनेछ र भूमि उपयोग सम्बन्धि नीति लागू गरिनेछ।
- '**पौरखी किसानको मान : नगरपालिकाको सम्मान** ः सबै किसानलाई उत्पादनमा आधारित अनुदान नीति अवलम्वन गरिनेछ।
- किसानलाई बाँदर आंतकबाट मुक्ति दिलाउने कार्यमा थप कार्य गरिनेछ।
- नगरका केही क्षेत्रमा समुदायमा आधारित एक एकीकृत कृषि "एग्रो -इको -टुरिजम" ब्यवसाय सञ्चालन गरिनेछ। नगरका केही क्षेत्रमा Goatland स्थापना गर्नुका साथै स्थानीय किसानहरूलाई पशुपंक्षि धनमा पहुँच पुर्याउन बाख्रा बैंकको पनि स्थापना गरिनेछ।
- किसानहरूको लागि मोबाइल पशु क्लिनिक प्रदान तथा Lab को स्थापना गरिनेछ।
- कलेज तथा स्कुलका विद्यार्थीहरुका लागि 'Internships and On the Job Trainings (OJTs)' को रूपमा कार्य गर्नको लागि कृषि कलेजहरूसँग सम्झौता पत्र गरिनेछ।

## ४. पर्यटन सम्वन्धी नीति

- **वालिङको कला, संस्कृति र ठाउँ : जीवनमा एकपटक घुम्न जाउ** भन्ने नारालाई साकार पार्न प्रर्वद्धनका लागि सूचना सम्प्रेषण, क्षमता अभिवृद्धि, पूर्वाधार विकास र पहुँच विस्तारजस्ता कार्य सञ्चालन गरिनेछ।
- स्थानीय रङ्ग (Local Color) पहिचान र विस्तारका लागि संस्कृति र समुदायमा आधारित होमस्टे संचालन गर्न सहुलियत ऋणको व्यवस्था गरिने छ।
- विपन्न वर्गलाई सहकारी मार्फत होमस्टे सञ्चालनका लागि सहभागी बनाई उद्योग, व्यापार, बजार तथा व्यवस्थापन गरिनेछ।
- आन्तरिक एवं वाह्य पर्यटक भित्रयाउन सहयोग पुग्ने खालका Botanical / Silk Park, Adventure Place, hiking जस्ता पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण र विकास गरिनेछ।
- आन्तरिक पर्यटनका लागि मनोरञ्जन पार्कको निर्माण Resort, ICT Park, Knowledge Park, Spiritual Area को पहिचान, संरक्षण र विकास गरिनेछ।
- विभिन्न पर्यटकीय स्थानको पूर्वाधार निर्माण गरी होमस्टे, ध्यान केन्द्र, योग केन्द्र, सांस्कृतिक अध्ययन केन्द्र, कला केन्द्र आदिको विकास गरिने छ।

- प्याराग्लाईडिड, क्यानोइङ, साईक्लिङ, ¥याफ्टिङ जस्ता साहसिक पर्यटकलाई सहयोग पुग्ने खालका पूर्वाधार विकास एवं प्रवद्र्धनात्मक कार्यक्रम संचालन गरिने छ।
- Eco Tourism लाई आधार लिई नगरपालिकाभित्र सञ्चालित होमस्टेहरुमा Organic स्वाद र Typical वातावरण निर्माण गरी पर्यटकहरुलाई आकर्षक गर्ने रणनीति लिइनेछ।
- पर्यटन गन्तव्यहरुलाई एकीकृत गरी पर्यटन प्याकेजको निर्माण गरी पर्यटकलाई आकर्षित गर्ने नीति अवलम्वन गरिने छ। लोपन्मुख बाजा तथा संस्कृतिलाई जगेर्ना गर्ने नीति लिइनेछ।
- यस नगरपालिका भित्रका जातिगत पर्व, बाजा, संस्कार, भेषभुषा, संस्कृतिको संरक्षणको लागि संग्राहलय
- निर्माण गर्ने नीति अवलम्वन गरिने छ।
- वालिङभित्रका पर्यटकीय क्षेत्र तथा कला संस्कृतिको सूचना तथा जानकारीका ईन्टरनेटको माध्यमबाट सूचना प्राप्त हुने व्यवस्था मिलाईने छ।
- पर्यटकीय तथ्य तथ्याङकन, ज्ञान, अध्ययन तथा अनुसन्धानका लागि सूचना केन्द्रको स्थापना गरिने छ।
- पर्यटकको उचित सेवा, सत्कार र सुरक्षा प्रवन्ध सहितको पर्यटकीय आवास व्यवस्थापन गर्न होटलहरुको न्यूनतम सेवा र गुणस्तर मापदण्ड निर्धारणका लागि सरोकारवालाको सहकार्यमा कार्यविधि बनाइनेछ।
- घ्वाङखोला क्षेत्रको जैविक तथा हरियालीलाई प्रबद्धन गर्दै “बोटानिकल गार्डेन” निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ।
- बाहुनथानको मनोरम दृश्यको प्रबर्द्धन गर्दै “ सिलिकन गार्डेन” का खाल्टेमा क्यानोनिङको विकासका लागि निजी क्षेत्रलाई साझेदारी तथा सहलगानीका लागि आब्हान गरिनेछ।
- घ्वाङखोला सामुदायिक वनलाई वनविहार तथा अनुसन्धान केन्द्रलाई थप गुल्जार बनाई उक्त स्थानमा रहेको प्राणी उद्यानलाई क्षेत्रीय प्राणी उद्यानको रुपमा विकास गर्नका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ
- नगरभित्र रहेका थामको चौर, माझकोट, बाहुनथान, घ्वाङखोलाजस्ता अन्य पर्यटकीय तथा वनभोज स्थलहरुको स्तरोउन्नतीको लागि आवश्यक व्यवस्था मिलाइनेछ।
- माझकोट शिवालय अन्तर्गत बुढाकोट पर्यटकीय क्षेत्रलाई पर्यटकीय क्षेत्रको सूचीभित्र समावेश गर्न सम्भाव्यता अध्ययन गरिनेछ।
- गौशालालाई बहुउपयोगी योजनाको रुपमा विकास गर्दै धार्मिक पर्यटकीय गन्तव्य स्थलको रुपमा स्थापित गर्न निजी क्षेत्र तथा धार्मिक संघ–संस्थासँग समन्वय गरी सार्वजनिक निजी साझेदारी कार्यक्रम अन्तरगत संचालन गरिनेछ।
- आँधीखोला किनारमा Food Street Market को सम्भाव्यता अध्ययन गरिनेछ। सो खोलामा चेक ड्यामको लागि सभाव्यता गरिनेछ।
- होमस्टेमा आगन्तुकहरुको रेकर्ड राखी आयको आधारमा पूर्वाधारमा बजेट बिनियोजन गरिनेछ।

## ५. उद्योग, श्रम तथा रोजगारी सम्बन्धी नीति

- स्थानीय उत्पादनलाई बढोत्तरी गर्न र रोजगारी सृजनाका लागि औद्यागिक ग्राम क्षेत्रमा पूर्वाधार विकासको लागि लगानी वढाइनेछ।
- औद्योगिक क्षेत्रमा लगानी गर्न श्रमिक, किसान, असाहाय व्यक्ति, गरीब तथा विपन्न वर्गका परिवारलाई प्राथमिकता दिइनेछ।
- लक्षियत वर्गलाई सीप विकास तालिम र रोजगारी एवम आय आर्जन सम्बन्धी विशेष कार्यक्रममा समावेश गरिनेछ।
- नगरमा रहेको बेरोजगारको तथ्यांक संकलन गरी अभिलेख व्यवस्थापन गरिनेछ र श्रममा आधारित काममा परिचालन गरिनेछ।
- स्वरोजगार तथा आत्मनिर्भर हुने गरी कृषि, पशुपालन, उद्योग व्यवसायको व्यावसायीकरणमा विशेष प्राथमिकता दिइनेछ।
- कृषि तथा गैरकृषि उत्पादन, प्रशोधन, रोजगारी सिर्जना र स्थानीय समृद्धिको आधारको रुपमा लघु, घरेलु, साना तथा मझौला उद्यमहरुलाई अभियानको रुपमा विस्तार गरिनेछ।
- स्थानीय वस्तुको उपभोग र उत्पादनमा ज ोड दिई कृषिजन्य वस्तुको प्रशोधनमा केन्द्रित उद्योग स्थापना गरिनेछ।
- औद्योगिक क्षेत्रमा उद्योग स्थापनाका लागि पहल गरिनेछ र सो स्थानमा उद्योगलाई आकर्षित गर्न कर छुटको प्याकेज ल्याइनेछ।
- घरेलु तथा साना उद्योगको विकास र प्रवद्र्धनमा जोड दिई Indigenous Technology लाई प्रबर्द्धन गरिनेछ।
- स्थानीय तहमा उद्योग स्थापनाका लागि एकीकृत कानुनको निर्माण गरिनेछ।
- Competitive Benefit का Areas पहिचान गरी निर्यातमूलक उद्योगको विकासक ो सम्भाव्यता अध्ययन गरिनेछ। साथै स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना गर्न प्रोत्साहन दिईने छ।
- Public Private Partnership मोडेलमा केवल कार, पार्क, सडक, उद्य्यानजस्ता क्षेत्रहरुको पहिचान गरी सो उद्योगहरु स्थापना गरिने छ।
- प्रचलित कानुन अनुसार विकास साझेदारसँग विकास सहायता लिइनेछ र नगरले त ोकेको दिगो विकासका लक्ष्य अन्तर्गत ती सहयोगलाई परिचालन गरिनेछ।
- स्थानीय रुपमा लगानी सम्मेलन गरी प्रर्याप्त लगानी भित्र्याईने नीति अवलम्वन गरिनेछ। लगानी प्रवद्र्धनका लागि कर छुट तथा सहुलियतको ब्यवस्था गरिने छ।

- स्थानीय रुपमा व्यवसाय तथा कलकारखानाको स्थापना र सञ्चालन गर ी वालिङ मार्ट र होल्डिङ कम्पनीको स्थापना गरिने छ ।
- वालिङ न.पा.मा संचालन गर्ने योजनाहरुको छनौट, संचालन तथा वैदेशिक सहायता लगायतको खोजीका लागि विज्ञहरु संलग्न रहेको Expert Pool गठन गरिने छ ।
- तथ्याङक अभिलेखलाई Digitalize गरी स्वरोजगार तथा सीपमूलक कर्यक्रमको पहुँच नागरिकसामु पुर्याइनेछ ।
- आर्थिक विकासलाई टेवा पु¥याउने व्यवसाय तथा कलकारखानाको स्थापना र सञ्चालनमा प्रोत्साहन गरिनेछ । नगरपालिकामामा Think Tank स्थापना गरिनेछ ।
- रोजगार उपलब्ध गराउने र स्थानीय उद्योगलाई करछुट, अनुदान तथा सहुलियत ऋणको लागि सहजिकरण गरिनेछ ।
- स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यम प्रर्वद्धन गर्न सीपमूलक तालिम व्यवस्था गरी उत्पादित वस्तुको वजारीकरणको सुनिश्चितता गरिनेछ ।
- विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण संकलनका लागि Employment Information Center को स्तरोन्नति गरिनेछ ।
- रोजगार सूचना केन्द्रमा निर्माण सेवा व्यावसाय, उद्योग, कृषि लगायत क्षेत्रमा रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिनेछ ।
- न्यूनतम १० जना नगरबासीलाई रोजगारी दिने उत्पादनमूलक उद्योगहरु चालु वर्षमा सुरु भएमा आगामी ३ वर्षसम्म लाग्ने व्यवसायिक करमा २० प्रतिशत छुट दिइनेछ । कम्तीमा ५० जना नेपाली नागरिकलाई रोजगारी दिने उत्पादनमूलक चालु उद्योगको नाममा रहेको जमिनमा लाग्ने एकीकृत सम्पत्ति करमा १५% छुट दिने नीति अवलम्वन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिले संचालन गरेको उद्योग÷व्यवसायहरुमा तोकिएको करमा ५०% छुट दिइने नीति अवलम्वन गरिनेछ ।
- हाते ट्र्याक्टर मर्मत सम्भार गर्ने तालिम सञ्चालन गरी रोजगार सृजना गरिनेछ ।
- Eleetrical हाते ट्र्याक्टर निर्माणका लागि Waling Innovation Center र आविष्कार केन्द्रसँग सहकार्य गरिनेछ ।

## ६.युवा तथा खेलकूद नीति

- **नवयुवाको जोश र ज्ञान : वालिङको भविष्यको शान** भन्ने नारालाई मनन गरी खेलकूद क्षेत्रको विकास, पूर्वाधारको निर्माण, सिकाई, प्रतियोगिता आदिको आयोजना निरन्तर गरिनेछ ।

- वालिङ नगरपालिकामा अवस्थित खेलकूद मैदानलाई पूर्वाधारयुक्त सुविधा सम्पन्न रंगशाला, नियमित खेलकुद, खेल प्रतिष्ठान निर्माण गरिने छ।
- वालिङ नगरपालिकामा अवस्थित कभर्डहलको मर्मत सम्भार गरिने छ र प्रत्येक वडामा एक ब्यवस्थित खेल मैदान स्थापना गरिने छ।
- मेयर कप /उप मेयर कप खेलकुद प्रतियोगितालाई नियमित संचालन गरिने छ। साथै पालिकास्तरीय भलिबल/फुटवल र विद्यालयस्तरीय खेदकुद संचालन गरनेछ।
- खेलकुद विकास तथा नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै खेलमैदानहरुको उचित संरक्षण र व्यवस्थापन गरिनेछ।
- पार्क, खुलाक्षेत्रको पहिचान गरी तिनलाई खेल मैदान बनाउनका लागि सरकारी तथा सार्वजनिक जग्गालाई प्रयोगमा ल्याउन आवश्यक कानुनी प्रक्रिया अबलम्बन गरिनेछ
- पार्क तथा खुलाक्षेत्र निर्माण गर्दा न्यूनतम मापदण्ड कायम गरी महिला वालबालिका, जेष्ठ नागरिक र फरक क्षमता मैत्री बनाइनेछ।

### ७. सहकारी तथा अन्य वित्तीय क्षेत्रसँग सम्वन्धी नीति

- सामूहिक भावना बोकेका नगर स्थित सहकारी संस्थाहरुको Corporate Governance अनुसार अनुमति, नियमन, विस्तार, प्रशिक्षण सम्बन्धी कार्यक्रम संचालन गरिने छ।
- Social Synergy का रुपमा रहेको स्रोत श्रम, साधान सीप र पूजींको अधिकतम परिचालन गरी करार खेती प्रति प्रोत्साहन गरिनेछ।
- प्रत्येक वडामा एउटा नमुना सहकारीको स्थापना र संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ। हरेक गाउँमा उद्यम सहकारी /कृषि सहकारी र उपभोक्ता सहकारी स्थापनामा जोड दिईनेछ।
- Corporate Culture को विकास गर्दै सहकारी शिक्षा, सहकारी ब्यवसाय प्रवद्र्धन जस्ता सहकारी सम्वन्धी आवश्यक तालिम संचालन गरिने नीति अवलम्वन गरिने छ।
- सहकारी संस्थाको कानुनी निर्देशन, मापदण्ड कार्यान्वयन र नियमनमा विशेष जोड दिने नीति अवलम्वन गरिने छ र Social Energy लाई प्रबर्द्धन गरिनेछ।
- नगरभित्रका सहकारीहरुको Reporting Mechanism लाई सबलीकरण गर्दै मासिकरुपमा विवरण बुझाउनुपर्ने ब्यवस्था गरिने छ।
- स्थानीय सहकारीहरुलाई विधि सम्मत ढंगबाट सञ्चालन गर्न र नियमन गर्न सूचना प्रविधिमा आधारित एकिकृत तथ्याङ निमार्ण र अद्यावधिक गरिनेछ।
- वितीय संस्थाहरुको तथ्यांक अध्यावधिक गर्दै Social Accountability प्रति जिम्मेवार बनाइनेछ।

- श्रम, साधान सीप र पूर्जीको अधिकतम परिचालन गर्न वित्तीय संस्थाहरुसँग साझेरारी गरिनेछ।
- नगरपालिका जमानत बसी वितीय संस्थाहरुबाट Smart Card, Banking Card, उ Card जारी गरी लगानीका लागि प्रोत्साहित गरिनेछ।

**८.सामाजिक विकास सम्वन्धी नीतिहरु**

- भिन्न क्षमता भएका व्यक्तिहरु, महिला, दलित, विपन्न, बहिष्करणमा परेका समुदायहरुका लागि चेतनामूलक कार्यक्रम, आर्थिक विकास तथा सामाजिक विकासका कार्यलाई विस्तार गरिने छ।
- भिन्न क्षमता, ज्येष्ठ नागरिक र जोखिममा परेका नागरिकका लागि सुरक्षित सेल्टरको ब्यवस्था गरिने छ। बाबु आमाको कुशल हेरचाह र संरक्षण गरेका व्यक्तिलाई श्रवणकुमार पुरस्कार प्रदान गरिनेछ।
- लोपोन्मुख जातिहरु माझी, कुमाल र दलितहरुका साथै विपन्न वर्गहरुको लागि विशेष कार्यक्रम ल्याईनुका साथै उनीहरुको परम्परित पेसा, कला र संस्कृतिको संरक्षण गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई आर्थिक सामाजिक रुपले विपन्न वर्गमा समावेश गरी आय आर्जन, गरीवी न्युनीकरण, रोजगारी प्रवर्द्धन जस्ता कार्यक्रमलाई विशेष प्राथमिताका साथ अगाडि बढाईनेछ।
- नगरपालिकाभित्र सूचीकृत भएका सवै शैक्षिक वेरोजगार तथा युवालाई स्वरोजगार कार्यक्रम संचालन गर्न विशेष कार्यक्रम लयाइनेछ।
- गरीवीको कारण समाजमा रहेका खरका छाना भएका घरहरुको लगत लिई खरको छानालाई विस्तापित गरी जस्तापाताद्धारा छाउने कार्यलाई निरन्तरता दिईनेछ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता प्रणाली सुदृढीकरण गरी सम्पूर्ण तथ्यांकलाई डिजिटाइजेसन गरिनेछ।
- ज्येष्ठ नागरिकको अनुवभव र ज्ञानलाई नयाँ पुस्तासँग जोडन Knowledge Transfer forum स्थापना गरिनेछ।
- महिला हिंसाका कारण पहिचान , महिलाको सवालमा कार्यरत संघ संस्थाहरुको पहिचान तथा सञ्जाल निर्माण, संस्थागत विकास र सुदृढीकरण, क्षमता अभिवृद्धि, समन्वय र सहकार्य गरिनेछ।
- सरोकारवाला निकायहरुको समन्वय तथा सहकार्यमा महिला समबन्धी घटनाहरुको अभिलेखीकरण, अनुसन्धान, प्रकाशन तथा सहयोगी संयन्त्रको विकास (सुरक्षावास, मनोविमर्श, कानूनी सहयोग, स्वास्थ्य सेवा) यस अभियानका रुपमा सञ्चालन गरिनेछ।

- महिला हिंसाको न्यूनीकरण गर्न आवश्यक तथ्यगत पैरवीका लागि समुदायस्तरदेखि नगरपालिका तहसम्म अभियानका कार्यक्रम सञ्चालन गरिनेछ।
- आय आर्जनका गतिविधि बढाउन महिला तथा आमा समूहहरुलाई बीउ पुँजी उपलब्ध गराइनेछ।
- महिला अधिकारको सुनिश्चितता गर्न विभिन्न खाले चेतनामूलक कार्यक्रम (एफ.एम.प्रशारण,सडक नाटक , क्षमता अभिवृद्धि (तालिम ,गोष्ठी) कार्यक्रम सञ्चालन गरिनेछ।
- महिला उपर हुने घरेलु हिंसा, दुव्र्यवहार, लैंगिक हिंसा, बोक्सीको आरोप, बलात्कार, दाईजो तथा बालविवाह अन्त्यका लागि सामाजिक सचेतना कार्यक्रम नगरव्यापी रूपमा सञ्चालन गरिनेछ।
- लैंगिक हिंसा अन्त्यमा पुरुष तथा युवा सहभागिता परिचालन गर्ने गरी पुरुष सञ्जालीकरणको विस्तार गरिनेछ।
- स्थानीय तहमा निर्वाचित महिला जनप्रतिनिधिहरूको क्षमता विकास अन्तर्गत Knowledge Sharing Forum सञ्चालन गरिनेछ।
- बीउ पुजी मार्फत उत्पादनमुलक ब्यवशायका कार्यक्रमहरुमा महीलाहरुलाई सहयोग गर्ने र समाजमा विद्यमान कुरिती कुसंस्कार विरुद्ध जनचेतनामुलक अभियान सञ्चालन गर्नुका साथै श्रीमान श्रीमति , साशु बुहारी छलफल कार्यक्रमहरु गर्ने अभियान ल्याइनेछ।
- महिलाहरुको भुमिमा स्वामित्वका लागि संयुक्त लालपुर्जा कार्यक्रम लाग ू गर्न जोड दिइनेछ
- बालश्रम मुक्त घोषणा कार्यक्रम लागू गरिनेछ र बालसचेतना तथा जागरण कार्यक्रमलाई जोड दिई स्मार्ट बाल क्लब गठन गरिनेछ।

**९. खानेपानी सम्वन्धी नीतिहरु**

- खानेपानीको स्रोत संरक्षण तथा उपयुक्त पुर्वाधार विकास गरी Water Governance मा केन्द्रित रही खानेपानीको आपुर्ति व्यवस्था मिलाइनेछ।
- सवै नगरवासीहरुलाई भरपर्दो र शुद्ध र गुणस्तरीय खानेपानीको सेवाका लागि 'एक घर एक धारा' नीति सवै वडाहरुमा विस्तार गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- तथ्यांकमा आधारित भई सवै खानेपानी आयोजनाहरुलाई समितिमा आवद्ध गरी न्यूनतम शुल्कको व्यवस्था गरी मर्मत सम्भार कोषको सञ्चालन गरिने छ। र सो कोषको कार्यविधिलाई समय सापेक्ष परिमार्जन गरिनेछ।
- वालिङ नगरपालिका WASH गठन गरी सवै खानेपानी समितिहरुको नियन्त्रण र एकीकृत विकास गर्न Integrated Mechanism निर्माण गरिनेछ ।
- साना शहरी खानेपानी योजनालाई ब्यवस्थित गर्नुका साथै नयाँ खानेपानी विस्तार गर्दा भूमिगत पानीका लागि डिप बोरिङमार्फत गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- सुख्खाग्रस्त क्षेत्रहरुका पोखरीहरुको पुनर्भरण तथा मर्मत सभ्भार गरिनेछ।

- नगरभित्रका पानीका मूलहरुको पहिचान गरी Water Audit गरिनुका साथै Water System अध्ययन गरिनेछ ।
- प्रत्येक खानीपानी योजनाका२ जना हेरालुलाई Wash सम्बन्धी तालिम दिइनेछ ।
- लिफ्टिङ खानेपानी योजनाहरुको विद्दुत महशुल छुटको लागि अध्ययन गरिनेछ ।
- चालु अवस्थामा रहेका पधेरा कुवाहरुको मर्मत तथा व्यवस्थित Water Recharge System को अध्ययन गरिनेछ ।
- नगरभित्रका सम्पूर्ण पिउने पानीका स्रोतहरुको Water Quality Test गरी वैकल्पिक स्रोत तथा Treatment को व्यवस्था मिलाइनेछ ।

## १०. संस्कृति प्रवद्र्धन सम्वन्धी नीतिहरु

- माझी, दलित, गुरुङ, मगर कुमाल मुस्लिमहरुको संस्कृति संरक्षणका लागि आर्थिक तथा सामाजिक विकासका विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- विभिन्न जाति र भाषीको साँस्कृतिक सम्पदाको अध्ययन तथा तथ्याङक संकलन गरी डकुमेन्ट्री निर्माण गरिनेछ ।
- स्थानीय संस्कृति तथा सम्पदा विचलन पुर्याउने सवैखाले अवाञ्छित गतिविधिलाई रोकथाम, नियन्त्रण र नियमन गरिनेछ ।
- नगरपालिकाभित्र बसोबास गर्ने विभिन्न जातजातिमा आधारित भाषा, संस्कृति, सम्पदा तथा परम्पराको अनुसन्धान गर्दै संरक्षण कार्यमा जोड दिइनेछ र आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- होमस्टे (घरबास) लाई पर्यटकीय गन्तव्य स्थलको Mapping गरी नगरको मुख्य स्थान तथा सूचना केन्द्रमा Display गर्ने व्यवस्था मिलाइनेछ ।
- आवश्यक पूर्वाधारहरुको निर्माण गर्दै अन्य तालीम, अध्ययन अवलोकन लगायतका प्रवद्र्धनात्मक क्रियाकलापहरु संचालन गरिनेछ ।
- होमस्टे (घरबास) लाई नगर भित्रका उत्कृष्ट कलाकारहरु पुरस्कृत गर्ने, कलाको संरक्षण गर्नेलगायतका कामहरुलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । नगरपालिका भित्र लुकेर रहेका प्रतिभाहरुको पहिचानको लागि विभिन्न प्रकारका मैत्रीपूर्ण प्रतिस्पर्धा गरी कला, साहित्य र सृजनाको संरक्षण र सम्वद्र्धन गरिनेछ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ–संस्थाहरुको सहकार्य र सह–लगानीमा आधुनिक सुविधासम्पन्न सांस्कृतिक भवन (नाच घर) सार्वजनिक निजी साझेदारी अवधारणामा निर्माण गर्ने प्रक्रिया अगाडि बढाइनेछ ।नगरभित्र परम्परित कला तथा संस्कृति झल्कने गरी सङग्रहालय तथा बूढघर तथा नाचघर स्थापना गरिनेछ ।

- प्राचीन इतिहास तथा मिथक बोकेका चौतारा, धारा, पाटीपौवा तथा पोखरीहरुको पुनर्निमार्ण तथा जीर्णोदार गरिनेछ।
- नगरभित्रको पर्यटन, संस्कृति कला साहित्यको प्रचार प्रसार गर्न वालिङ साहित्य महोत्सव सञ्चालन गरिनेछ।
- सम्पदाहरुको अभिलेखिकरण, प्रवद्र्धनका लागि रणनीति तय गरिनुका अतिरिक्त पर्यटकीय महत्वका विविध विषयहरुलाई समेटी वृत्त चित्र निर्माण लगायत अन्य माध्यमबाट प्रचारप्रसार गरिनेछ।
- आँधीखोलामा Check Dam निर्माण गरी Boating का लागि दुबै किनारमा lighting System को व्यवस्था गरिनेछ।

## ११. पूर्वाधार विकास सम्वन्धी नीतिहरु

- नगर क्षेत्रभित्र तथा बाहिर यातायातको सुविधा पु¥याउन नगर यातायात गुरुयोजना ( MTMP- Municipal Transport Master plan) तयार गरी सडकको एकीकृत लगत तयार गरिनेछ।
- सहरी तथा ग्रामीण क्षेत्रमा सडक तथा यातायातको पहुँच विस्तार गर्दा पानीका श्रोत, वनजंगल, प्राकृतिक स्रोत तथा धार्मिक क्षेत्र प्रतिकूल असर नहुने गरी गरिनेछ।
- सिद्धार्थ राजमार्गको चाप कम गर्न तथा नगरको यातायात तथा पर्यटन क्षेत्रमा योगदान गर्ने गरी आँधिखोला करिडोर निर्माण कार्यलाई उच्च प्राथमिकता दिइनेछ। यस सडकलाई द्रुत गतिमा विस्तार गरिनेछ।
- सिद्धार्थ राजमार्गमा यात्रु प्रतिक्षालय तथा यातायात विश्रामस्थल र सार्वजनिक शौचालय तथा खाजाघर निर्माणको योजना बनाइ रिफ्रेसमेन्ट केन्द्र स्थापनालाई निर्न्तरता दिइनेछ ।
- सबै किसिमका पूर्वाधार निमार्ण गर्दा फरक क्षमता भएका व्यक्ति र जेष्ठ नागरिकको पहुँच सुनिश्चितता हुने गरी समावेशी विकासको अवधारणालाई लागू गरिनेछ।
- शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७२ को पूर्ण पालनामा जोड दिईने छ। २.२ आना भनदा कम जग्गामा बनेका घर तथा जग्गामा दोब्बर दस्तुर लिई घर बनेको प्रमाणीत गरिनेछ। तर नक्शापास गरिने छैन्। घर नक्शा पास, अभिलेखीकरण र घर बनेको प्रमाणीत गरि ३ भागमा विभाजन गरिनेछ।
- टोल विकास संस्थाहरुसँग नक्सा पास र घरहरुको अभिलेखीकरण सम्बन्धी अन्तर्किया गरिनेछ।
- शहरी विकास योजना अनुसार नगरपालिकाको चक्रपथको निर्माण गर्ने कार्यलाई शिघ्रताका साथ अगाडि बढाईने छ।

- नगरपालिका भित्रका सवै वडा कार्यालयसम्म बाह्रै महिना निर्वाधरुपमा सडक सञ्चालन गर्न बजेटको व्यवस्था गरी कार्य अगाडि बढाईने छ ।
- सिद्धार्थ राजमार्गलाई विस्तार गर्ने तथा सडकको क्षेत्राधिकार भित्रका घर टहराहरु हटाउने र दुर्घटना मुक्त क्षेत्रको रुपमा विकास गर्ने नीतिलाई अवलम्वन गरिने छ
- यातायात क्षेत्रलाई व्यवस्थित बनाउनका लागि चालु आ.व.मा नै वसपार्कको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याईने छ । पार्किङ क्षेत्रलाई व्यवस्थित गराईने छ र सडकमा पार्किङ निषेध गरिने छ ।
- पाँच वर्षे सडक रणनीतिक योजना तयार गरी नगर क्षेत्र भित्रका सडकहरुलाई सुदृढीकरण तथा स्तरोन्नति गर्दै कालोपत्रे गर्न जोड दिईने छ ।
- सडकको दायाँ बायाँ फूलबारी र हरियाली प्रवद्र्धन गरी हरित शहरको रुपमा विकास गरिने छ ।
- नगरक्षेत्र भित्र सञ्चालनमा रहेका टेम्पोहरुलाई व्यवस्थित गर्ने र नगरपालिकाको क्षेत्रभित्र विद्युतीय सवारी साधन सञ्चालनमा जोड दिईने छ ।
- प्रत्येक वडाका सडक, खानेपानी, सिञ्चाई र फोहोर व्यवस्थापन गर्न रणनैतिक योजना निर्माण कार्यान्वयन गरिने ।
- नगरपालिका भित्रका सवै वडामा एउटै प्रणालीको विद्युत उपलव्ध गराइ पूर्ण रुपमा लोडसेडिड हटाउन पहल गरिने छ । नगरभित्रका पोलका तारहरुलाई व्यवस्थित गराईने छ ।
- नयाँ बजार र नयाँ वस्ती विकासका लागि योजना निमार्ण गरिने छ । Land pooling को माध्ययमवाट व्यवस्थित बजार र वस्तीको विकास गरिने छ । पुरानो बजारहरुलाई क्रमशः सुधार गरी सडक चौडा गर्ने, ढल तथा नालाको व्यवस्था गरिने छ ।
- नगरको सवै वडाहरुमा ठूला योजनाहरु सडक, खानेपानी, सिञ्चाई एवं अन्य पूर्वाधार निर्माण गरि व्यवस्थित रुपमा कार्य गरिने छ । नगरभित्रका पूर्वाधार निर्माण गर्दा वडास्तरीय, नगरस्तरीय र प्रदेश तथा संघस्तरीय योजना गरी तीन तहमा वर्गीकरण गरी कार्यान्वयन गरिने छ ।
- साना तिना भैपरी आउने पूर्वाधार निर्माण गर्नका लागि कूल पूजीँगत बजेटको वडा स्तरीय योजनाका लागि कम्तिमा १० प्रतिशत र नगरस्तरीय योजनाका लागि ५ देखि १० प्रतिशत बजेट मर्मत सम्भार कोषमा विनियोजन गरिने छ ।
- नगर यातायात र नगर ग्रामीण यातायातलाई व्यवस्थित बनाइने छ र सुरक्षित बनाईने छ । साथै मापदण्ड तोकि रुट परमिटको व्यवस्था गरिने छ । साथै स्मार्ट यातायातको व्यवस्था गरिने छ ।
- वडा कार्यालयको भवन नभएको वडाहरुमा क्रमशः वडा कार्यालय भवनको निर्माण गरिने छ । वालिङ नगरपालिका भित्र सामुदायिक सभागृह निर्माण गरिने छ ।
- नगरका आसपासका क्षेत्रहरुको विकास गरि सेटलाईट सिटी÷भिलेजको रुपमा विकास गरिने छ । नयाँ नापी गराई बाटोलाई लगत कट्टा गरी सार्वजनिक बनाईने छ ।

- पूर्वाधार निर्माणमा सार्वजनिक निजी साझेदारी नीति अनुशरण गरी लागू गरिने छ। वालिङ–ग्रहौंसुर–बाहुनथान केवलकारको संभाब्यता अध्ययन गरिने छ।
- कुनै आयोजना तथा कार्यक्रममा दोहोरोपना पर्न गएमा र कार्यपालिकाको बैठकबाट उक्त आयोजना तथा कार्यक्रमहरुलाई संशोधन गरिने छ।
- बायटारी देखि छाङ्छाङ्दीसम्म आँधीखोला करिडोर सम्पन्न गरिने छ र आँधीखोलामा चेक ड्याम निर्माण गरि पानीको सतहको सुधार गरिने छ।
- टेलिफोनको तामाको तारलाई विस्थापित गरी अप्टिकल फाईबरमा जाने नीति लिईने छ।
- सिकर्मी र डकर्मीहरुलाई भवन निर्माण प्रविधि र भवन संहिता सम्बन्धी तालीम दिई दक्ष बनाइनेछ र किफायती आवासका नमूना नक्साहरु तयार पारी नगरबासीलाई उपलब्ध गराइनेछ।
- नगरपालिका भित्रका पराल र खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनी ल्याउने कार्यलाइ निरन्तरता दिइनेछ।
- नगरको विद्युत सेवालाई भरपर्दो र गुणस्तरीय बनाउनको लागि विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत पोल र ट्रान्समिटर जडान, सडक बत्ती व्यवस्थापन लगायतका पूर्वाधारका निर्माणको कामलाई प्राथमिकता दिईनेछ।
- रिङ्ग रोडको विस्तृत परियोजना प्रस्ताव तयारीका लागि आवश्यक पहल गरिनेछ। नगरपालिकामा अटो व्यवसायीहरुसँगको साझेदारीमा सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार “अटो भिलेज” निर्माण गरिनेछ।
- नगरभित्रका आर्थिक, सामाजिक तथा वातावरणीय कार्यक्रम र आयोजनाको Screening गरी Project Bank स्थापना गरिनेछ। Local Game Changer Project को पहिचान गरिनेछ।
- नगरभित्रका आयोजनाहरुलाई वहुबर्षीय र प्राथमिकता तोक्न सूचकसहित वस्तुपरक र वैज्ञानिक मापदण्ड बनाइनेछ।
- ११.३२ मध्यकालीन खर्च संरचनाको निर्माण गरी योजना र बजेटका बीचमा तालमेल मिलाई पुँजीगत खर्च प्रणालीमा सुधार गरिनेछ।

**१२ सिंचाई सम्बन्धी नीतिहरु**

- नगरपालिका क्षेत्र भित्रको प्रत्येक खेतीयोग्य जमिनमा बाह्रै महिना सिंचाई सुविधा प्रदान गर्नको लागि प्लाष्टिक पोखरी लगायतका सिंचाईका सुविधाहरु विस्तार गरिने छ।
- प्रर्याप्त सिंचाईको सुविधाको पूर्तिका लागि प्रदेश सरकार, संघीय सरकारसँंग सहकार्य गरी सम्भाव्यता अध्ययन गरिनेछ।
- सिंचाई सुविधाको लागि वैकल्पिक पद्धतिको अध्ययन समेत गरिने छ।
- नगरको विभिन्न क्षेत्रमा बहुउपयोगी पुनर्जलिय Refill Tank निर्माण दिइनेछ।

- सिंचाई प्रणाली आसपासका जग्गाहरु बाँझो राख्न नपाउने व्यवस्थालाई कार्ययोजना सहित कार्यान्वयनमा लगिनेछ।
- खोलालगायतका महत्वपूर्ण कुलो आसपासका क्षेत्रको जग्गा संरक्षण, हरियाली प्रवद्र्धन गरिनेछ।
- नगरको उपयुक्त स्थानमा बहुउपयोगी सिंचाई पोखरी निर्माण गर्ने कार्य अघि बढाइनेछ।

**१३. भवन तथा शहरी विकास सम्वन्धी नीतिहरु**

- यस नगरपालिकावाट पास गरिने नक्साहरुलाई Automation गरी नक्सा पास प्रक्रियालाई अनलाईन सेवामा आवद्ध गरिने छ।
- नक्सा पास सम्वन्धमा जनचेतना जगाउन टोल विकास संस्थाहरुसँग अन्तर्किया गरिनेछ। कुनै पनि घर, टहरा बनाउदा नक्सा पास गरेर मात्र बनाउने व्यवस्था अनिवार्य गरिनेछ।
- भूमिगतरुपमा पार्किङको ब्यवस्था गरी घर निर्माण गर्दा पार्किङ क्षेत्रको नक्सा पास दस्तुर पूर्णरुपमा छुट दिने नीतिको निरन्तरतथा दिइनेछ।
- Smart Waling कार्यक्रम अन्तरगत नगर क्षेत्रभित्रका १४ वटै वडाका घरहरुमा Pink Colour अनिवार्य गरिने छ। पुराना घरहरुमा पनि अनिवार्य रुपमा Pink Colour लगाउने व्यवस्था गरिने छ र त्यस्ता पुराना घरहरुमा कलर लगाउँदा खर्चको आधारमा केही रकम अनुदानको रुपमा दिईने नीति अवलम्वन गरिने छ।
- व्यवस्थित शहरी विकास गर्नका लागि Land pooling को कार्य गर्न केहि स्थानमा न.पा.को Pilot Project को रुपमा विकास गरिने छ र सुर्कौदीमा व्यवस्थिित शहरको लागि अध्ययन गरिनेछ।
- यस वालिङ, न.पा.लाई खरको छानामुक्त वनाउनको लागि यसै आ.व.भित्रमा सवै खरको छाना भएका घरहरुलाई जस्तापातामा रुपान्तरण गरिनेछ र उक्त कार्यका लागि जस्तापाता अनुदानको व्यवस्था मिलाईने छ।
- सार्वजनिक तथा निजि भवनहरुको निर्माण गर्दा राष्ट्रिय भवन संहिताको पालनामा जोड दिई निरन्तर अनुगमन गरिनेछ।
- वातावरणमैत्री नगरपालिका निर्माण गर्नको लागि यस आ.व.भित्रमा नै **एक घर दुई रुख तथा एक घर दुई गमला** अभियानको रुपमा संचालन गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ। नक्सा पास गर्दा देखिनै यस अवधारणाको कार्यान्वयन गरिनेछ र फलफुल तथा अन्य बिरुवाहरु नगरबाट वितरण गरिनेछ।
- **हाम्रो वालिङ, राम्रो वालिङ, हाम्रो वडा, राम्रो वडा हाम्रो टोलको विकास जनताको अपेक्षित निकास** भन्ने नाराका साथ जनतालाई विकास निर्माण प्रक्रियामा अधिकतम सहभागिता गराई लोकतन्त्रको लाभ विकासद्धारा वितरण गरिनेछ।
- सामुदायिक, विद्यालय भवन, जेष्ठ नागरिक विश्राम गृह, आमा समूह भवन, तथा अन्य संघ संस्थाको भवनको लागि समायोजन भएका विद्यालयका तथा अन्य संघ संस्थाका भवनहरुलाई प्रयोगमा ल्याई व्यवस्थापन गरिनेछ र सम्भव नभएमा मात्र निर्माणमा वजेटको व्यवस्था गरिने छ।

## १४ उर्जा लघु तथा सााना जलविद्युत सम्वन्धी नीतिहरु

- सबै वडाहरुमा बैकल्पीक उर्जाको आवश्यक व्यवस्था गरीने छ। सोलार प्रणालीवाट विधुत उत्पादनलाई समेत प्रवद्र्धन गरिने छ।
- स्थानीय सरकारहरुलाई ३ (तीन) मेघावाट सम्मको विद्युत उत्पादन र सञ्चालनको व्यवस्था उल्लेख भएकोमा सोको कार्यान्वयन गरिनेछ ।

## १५. सूचना प्रविधि तथा सञ्चार सम्वन्धी नीतिहरु

- नगरक्षेत्रभित्र सञ्चार सेवाको गुणस्तर बढाउन सूचना प्रविधि इकाई मार्फत नियमित रुपमा अनुगमन तथा नियमन गरिनेछ।
- मोवाईल टेलिफोन नेटवर्कमा सुधार गर्न टेलीफोन टावर स्थापनाका लागि सेवा प्रदायकसँग समन्वय गरी गुणस्तर विकास गरिनेछ।
- दूरसंचार प्रणालीलाई सवै वडामा सर्वसुलभ वनाउन पहल गरिने छ र ICT प्रणालीलाई आधुनिकतम उपकरण उपयोग गरि प्रत्येक नागरिकलाई सुशुचित गरिने छ।
- सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभूति गर्न नगरपालिकाले आफ्ना गतिविधिहरुलाई विभिन्न माध्ययमवाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्न सक्ने तथा सार्वजनिक गर्ने, Website का साथै social media हरु मार्फत सूचनाको व्यवस्था मिलाईने छ।
- स्थानीय पत्रिका, एफ एम रेडियो, केवल र टेलिभिजनहरु मर्फत नगरका गतिविधिहरु आवश्यकतानुसार प्रकाशन र प्रसारण गरिनेछ।
- मोवाईल एप तथा व्यब एप माफर्त घर–घर बाटनै सेवा लिने कार्यको ब्यवस्थित गरीने छ।
- नगरपालिकाले आफ्नै frequency रेडियो संचालन गर्ने नीति अवलम्वन गरिने छ।
- नगरका विभिन्न स्थानलाई Free Wifi Zone बनाइने सूचना प्रबिधिको क्षेत्रको कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाका सम्पूर्ण गतिविधिलाई सहज रुपमा जनतासम्म पुर्याउनका लागि Smart Waling नामक रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन गरिनेछ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागि सबै वडामा रहेका अनलाईन प्रणालीलाई अझ भरपर्दो र गुणस्तरीय प्रभावकारी बनाईने छ।
- कार्यालयका कर्मचारी र सेवाग्राहीको बीचमा प्रत्यक्ष भेटघाटको अन्त्य गरी भ्रष्टाचार जन्य गतिविधिको अन्त्यको लागि बिभिन्न Payment Gateway मार्फत भुक्तानीको व्यवस्था मिलाईने छ। कर्मचारीहरुको ई-हाजिरि व्ययवस्थापन प्रणाली प्रयोग गरि मुल्याङकन गर्ने विधिलाई अझ व्यवस्थित गरिनेछ।

- नगर भित्रका सामुदायिक रेडियोहरुको साथै सञ्चारकर्मीहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ । स्थानीय संचार माध्यमहरुको कार्यसम्पादन र प्रभावकारिताको आधारमा साझेदारीको नीति अवलम्वन गरिनेछ ।
- जनताको सु–सूचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्न सार्वजनिक सुनुवाई, मुखपत्र प्रकाशन, जनतासँग मेयरलगायतका रेडियो कार्यक्रम, Hello Mayor कार्यक्रम, सार्वजनिक परीक्षण, कार्यालयबाट सम्पादित कार्यहरुको चौमासिक सार्वजनिकीकरण गर्ने प्रणालीको विकास गरिनेछ ।
- संचार क्षेत्रको संस्थागत विकासका लागि वालिङ मिडिया हाउस र संचार ग्राम स्थापनाको लागि आवश्यक गृहकार्य गरिनेछ ।
- नगरपालिकाको विकास निर्माण, सुशासन, सेवा प्रवाह, सामाजिक सचेतना लगायतका विषयमा कलम चलाउने संचारकर्मी र मिडिया हाउसहरुलाई वार्षिक रुपमा पुरस्कृत गरिनेछ ।
- नगरपालिका वा सम्पूर्ण बार्यालयहरुमा डिजिटल प्रणालीबाट सेवा प्रवाह गर्ने कार्यलाई तीव्रता दिई स्वचालित बनाइने छ । सबै स्वास्थ्य चौकीहरु, विद्यालयहरुमा Fiber Lease line Internet connectivity पुर्याउने साथै सेवालाई गुणस्तर बनाईने छ ।
- Data security तथा cyber security को व्यवस्था मिलाई कुनै किसिमको cyber attack हुन बाट बचाईनेछ। आफ्नै Micro level data center को व्यवस्थाका साथै Government cloud बाट सबै ICT system हरु संचालन गरेनेछ ।
- नगर क्षेत्रलाई Gis Mapping गरिनेछ साथै नगरभित्रका सार्वजानिक सवारी साधनहरुमा GPS Devices जडान गरिनेछ ।

**१६. वन वातावरण तथा भू—संरक्षण सम्वन्धी नीतिहरु**

- नीतिगत र कानुनी परिधिमा रही नदीजन्य निर्माण सामाग्रीको सहज आपूर्ति गरिनेछ ।
- Bio – Engineering मा जोड दिई सडक, खोला खोल्सामा वृक्षारोपण, बाँस रोपण, रुख तथा बाँसद्धारा तटवन्धन, सामुदायिक भवनको संरक्षण, खाली ठाँउमा वृक्षारोपण आदि कार्य गरिने छ ।
- नगरवासीलाई घरको छत र वरण्डामा कौशी खेतीको शुरुवात गरी हरित नगरको अवधारणा साकार पारिनेछ ।
- आधिखोला र त्यसका नदी सञ्जालको व्यवस्थापनका लागि आधुनिक प्रविधि अपनाई वहुउपयोग र संरक्षण गरिने छ ।
- वातावरण संरक्षणका लागि अन्य सरकारी निकाय र विकास साझेदारसँग समन्वय गरी कार्य अगाडि वढाईने छ ।
- नगरपालिका क्षेत्रभित्र संचालित ठूला आयोजनाहरुको निर्माणमा वातावरणीय प्रभाव मूल्यांकन र Bio Engineering को प्रविधि अनिवार्य रुपमा अवलम्बन गरिने छ ।
- सरसफाई र धुलो रहित सडक निर्माणमा ध्यान दिई गुणस्तरीय पक्षका प्रविधिको उपयोग गरिनेछ ।

वालिङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङ्जा
२०७३

- वन जंगलको विस्तार तथा भूक्षय नियन्त्रणको लागि Indigenous Technology मार्फत स्थानीय प्रजातिका घाँस र विरुवाको प्रयोग गरी वृक्षारोपण कार्यलाई प्रभावकारी बनाइनेछ ।
- वन कार्यालय तथा अन्य सम्वद्ध सरकारी तथा गैर सरकारी निकायहरुको साझेदारीमा नर्सरीहरुको स्थापना र विस्तार गरिने छ ।
- उपभोक्ता वन समूहमा रहेको कोषको परिचालनलाई प्रभावकारी बनाउन अनुगमन प्रणालीको विकास गरिनेछ ।
- अल्लो, केतुकी, बाँस, बेत लगायतका उत्पादनमुखी तथा जडीबुटीहरुको उत्पादन र बजारीकरणमा जोड दिईने छ ।
- बन क्षेत्रमा कागती तथा फलफूलको ब्यवसायिक खेती गरी बन पैदावारलाई ब्यवस्थित गरिने छ ।

**१७. जलाधार संरक्षण तथा जलवायु परिवर्तन सम्वन्धी नीतिहरुः**

- बन, चरनक्षेत्र, सिम्सार र जैविक विविधता समेत संबोधन हुने गरी दिगो व्यवस्थापनका लागि जैविक स्रोत संरक्षण अभियानलाई प्राथमिकता दिइनेछ । जलाधार तथा सिमसार क्षेत्रको पहिचान गरी प्रभावकारी संरक्षणको व्यवस्था मिलाईने छ ।
- नदीजन्य पदार्थ जस्तैः ढुंगा, गिट्टी, बालुवाको आंकलन गरी निर्दिष्ट क्षेत्रहरुबाट त्यस्ता वस्तुमा उत्खनन, संकलन, प्रशोधन ओसारपसार र विक्रि वितरणलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

**१८.सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्वन्धी नीतिहरु**

- फोहोरमैला प्रशोधनमा आधुनिक प्रविधि प्रयोग गर्नुको साथै राजमार्गको निश्चित दुरीमा शौचालय र अन्य सुविधा सहितको सेवा केन्द्र सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- विकास साझेदार संस्थासँग सार्वजनिक ढल व्यवस्थापन दिसाजन्य लेदो व्यवस्थापनका लागि प्रशोधन प्रणालीको स्थापना कार्य अगाडि बढाइनेछ ।
- नगरभित्र घर निर्माणको अनुमति प्रक्रिया उपयुक्त मापदण्डको शौचालय र सेफ्टीटंकि निर्माणलाई अनिवार्य गरिनेछ ।
- नगरपालिकाभित्र फोहोरमैला विर्सजन हुने प्रशोधन व्यवस्थापन केन्द्र तथा संकलन विन्दु तय गर्दा वातावरण विग्रन नदिने गरी साइट छनौट गरिनेछ ।
- नगरवासीकै सहभागितमा फोहोर उत्पादन कम गर्ने तथा पुन प्रयोग गर्न जनचेतनामुलक कार्यक्रमलाई टोलटोलसम्म विस्तार गरिनेछ ।

- Zero Waste Concept मा गई रहेका फोहरलाई आधुनीक प्राविधि प्रयोग गरी Resource को Multipurpose Uses रुपमा उपयोग गर्ने नीति लिईने छ।
- Fecal Sludge Management लाई व्यवस्थित र सुरक्षित गरी नीति निर्माण गर्ने श्रोतको रुपमा उपभोग गरिने छ।
- आधिखोलाको स्वच्छतामा विशेष ध्यान दिई नालाको पानी मिसाउदा Filter गरी  मिसाउने व्यवस्था गरिनेछ।
- Resource Management Center को प्रभावकारितामा अरु वृद्धि गरी यस्ता RMC केन्द्रहरु वडा वडामा विस्तार गरिने छ।
- Zero Waste प्रणालीलाई अझ प्रभावकारी बनाई फोहोरवाट आधुनिक प्रविधि अपनाई वहुउपयोगी वनाइने छ। Plastic Block, Bitumen अन्य रिसाइक्लीन विधि अपनाइने छ।
- नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगर घोषणा गर्नेतर्फ अभियान अगाडि बढाईने छ र मुख्य बजार क्षेत्रमा ढलको व्यवस्थापनलाई प्रभावकारीरुपमा अगाडि बढाईने छ।
- तोकिएका मापदण्ड बाहेकका प्लाष्टिक उत्पादन र प्रयोगमा प्रतिबन्ध र प्लाष्टिकजन्य पदार्थ पुनः प्रयोगको नीति अवलम्बन गरिनेछ।
- वैकल्पिक उर्जाको रुपमा सौयै उर्जा, शून्य फोहोर मैलाको रुपमा बायो ग्याँसको विकास गरिने छ।
-

**१९. प्रकोप नियन्त्रण र विपद व्यवस्थापन सम्वन्धी नीतिहरु**

- विपद र महामारीको पूर्व तयारी Response का लागि वडास्तरको समेत प्रतिनित्व हुने गरी प्रतिवर्ष टोली पुर्नगठन र क्रियाशिल गराइने छ।
- विपदको अवस्थामा तत्काल उद्धार लागि Rapid Response Team निर्माण गरी आवश्यक सामग्रीहरुसहित सुरक्षित वासस्थानको व्यवस्थाको लागि बजेटको व्यवस्था गरिने छ।
- विपद व्यवस्थापनलाई प्रभावकारी र दुत बनाउनको लागि प्रत्येक वडामा उद्धार समितिको गठन गरी चालू आर्थिक वर्ष भित्रमा नै तालिम प्रदान गरिने छ।
- Hi tech प्रविधिको प्रयोग गरी नगरभित्र हुने भूस्खलन, वाढी पहिरो, आगलागि, भुकम्प, आदि जस्ता प्राकृतिक विपत्तिको Mapping गरिनेछ।
- विपत्तिबाट तुरुन्त राहत कार्य गर्न नगरपालिका, सशस्त्र प्रहरी, नेपाल प्रहरी, जिल्ला प्रहरी र नेपाल रेडक्रससँग समन्वय गरी तुरुन्त प्राथमिक राहत र दीर्घकालीन योजना वनाउन न.पा.मा विपद व्यवस्थापन केन्द्र स्थापना गरिने छ।
- विपद व्यवस्थापन कार्यमा उद्धारको लागि सहजताको लागि प्रत्येक वडामा Mi17 सम्मको हेलिकोप्टर बस्न सक्ने हेलिप्याडको निर्माण गरिने छ।

- वाढी पहिरो आगलागी जस्ता प्राकृतिक प्रकोपवाट प्रभावीतलाई तत्काल राहत, औषधोपचार ,खानपान लत्ताकपडा उपलव्ध गराउनको लागि तयारी गरिनेछ ।
- विपद् व्यवस्थापन कोषको वृद्र्धीको लागि सार्वजनिक निजि र गैरसकारी संस्थाहरु संग समन्वय गरिने छ ।
- विपद्को अवस्थामा तत्काल उद्धार तथा सुरक्षित वासस्थानको पहिचान र व्यवस्थाको लागि वजेटको व्यवस्था गरिने छ ।
- विपद्व्यवस्थापनलाई प्रभावकारी बनाउनको लागी प्रत्येक वडामा उद्धार स्वयंमसेवको गठन गरिनेछ ।
- कोभिड १९  का साथै सबै प्रकारका विपदको रोकथाम तथा न्यूनिकरणको लागि पूर्व तयारी, प्रतिकार्य र पुनलाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा बजेटको व्यवस्था गरिनेछ ।
- नगरभित्र देखिन सक्ने विपद् पूर्वतयारी, विपत व्यवस्थपन, क्षति न्यूनीकरण लगायतका विषयहरुलाई समेटी पूर्व तयारी रणनीति तय गरिनेछ ।
- आँधी खोला, मैदी खोला तथा वाय खोलाको उत्खन कार्यलाई व्यवस्थित गर्नको लागि स्पष्ट मापदण्ड, कार्यविधि, समन्वय लगायत अन्य उपायहरुको अवलम्वन गरिनेछ भने नदी कटानको क्षेत्र व्यवस्थापन आवश्यक रणनीति तय गरिनेछ ।
- स्थानीय नागरिकलाई परिवर्तित जलवायु असन्तुलनको जीवनशैली, उत्पादन र उपभोग पद्धतिका कारण उत्पन्न विपदको अध्ययन र अनुसन्धान गरी रणनीत तय गरिनेछ ।
- समुदायकै सहयोगमा जोखिममा परेका बस्तीहरुलाई स्थानान्तरण गर्ने नीति लिइनेछ ।
- विपदबाट उत्पन्न असहज पस्थितिको तत्काल सम्बोधन गर्न नगरमा Rapid Response Team को गठन तथा परिचालन गरिनेछ

**२०. वारुणयन्त्र संचालन सम्वन्धी नीतिहरु**

- वारुणयन्त्र संचालन सम्वन्धमा सम्भव भएसम्म नजिकका सरकारहरु भिरकोट र गल्याङसंग समेत सहकार्य गरी साझेदारीमा प्रभावकारी रुपमा संचालन गर्ने नीतिलाई  निरन्तरता दिइनेछ ।
- वारुणयन्त्रको सवारीचालनक २४ सै घण्टा तयारी अवस्थामा रहने व्यवस्था मिलाईने छ ।
- आगलागी हुंनवाट रोक्नको लागि प्रत्येक व्यापारीक, सरकारी तथा नीजि घरहरुमा समेट फायर २२.४ स्टिङ्गिसर राख्ने व्यवस्था मिलाईने छ ।

**२१. सामाजिक उतरदायित्व सम्वन्धी नीतिहरु**

- नगरसभा संचालन कार्यविधि २०७४ मा उल्लेखित मर्यादा पालन सम्बन्धि विविध विषयहरुलाई कडाईका साथ पालनामा जोड दिईने छ ।
- जननिर्वाचित प्रतिनिधिहरुका लागि आचारसंहिताको परिपालनामा जोड दिइनेछ ।
- नगरकार्यपालिकाको वैठकवाट स्वीकृत वैठक संचालन सम्बन्धि कार्यविधिको पालनामा निरन्तरता दिइनेछ ।

वालिङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय वालिङ, स्याङ्जा २०७३

- नगर कार्यपालिकाको वैठकवाट स्वीकृत वालिङ. नगरपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावलीको पूर्ण पालनामा जोड दिईने छ।

## २२. मानव पुँजी विकास तथा संस्थागत क्षमता विकास सम्वन्धी नीतिहरु

- नगर कार्यपालिकालाई आवश्यक पर्ने जनशक्तिको Projection र दरबन्दी सिर्जना गर्न Organization and Development अध्ययनको आधारमा गरिने छ।
- नगरपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त, विश्वसनियता, क्षमतायुक्त र प्रभावकारी वनाउदै अत्यावश्यक रिक्त दरवन्दीहरुमा उपयुक्त प्रक्रियावाट पदपूर्ति गरिने छ।
- सुशासन तथा संस्थागत विकासको लागि आवश्यक कानून, नियम, विनियमावली, कार्यविधि निर्माण गरी Organizational Chain Of Command कायम गरिने छ।
- नगर र वडाका सवै कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरिने छ र मासिक रुपमा कार्य प्रगतिको प्रतिवेदन पेस गर्ने व्यवस्था गरिनेछ।
- नगरपालिकाको कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी एवं सेवाग्राहीमैत्री तुल्याउन Digital Governance मा जोड दिईनेछ।
- नगरपालिकाको संस्थागत क्षमता वृद्धिका लागि भौतिक पूर्वाधार विकास तथा Intuitional Memory अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै लगिने छ।
- उत्कृष्ट कार्य गर्ने नगरपालिकाका कर्मचारी, करदाता, उपभोक्ता समिति, फोहरमैला व्यवस्थापन समिति, टोल विकास समिति, संचारकर्मीलाई पुरस्कृत गर्ने पद्धतिको थालनी गरी यसलाई निरन्तरता दिईने छ।
- Paperless Governance / Digital Governance को अवधारणा अवलम्वन गर्दै पूर्वाधार खडा गरिनेछ।
- नवीन प्रविधिलाई जोड दिदै Artificial Intelligence का Tools लाई सेवा प्रवाहमा आबद्ध गरिनेछ।

## २३. राजस्व परिचालन सम्वन्धी नीतिहरु

- आन्तरिक आयमा सवल वनाउन राजश्वमा सुधार गर्न राजस्व सुधार कार्यय◌ोजनाको प्रतिवेदनका आधारमा सम्भाव्यता अध्ययन गरिनेछ।
- आन्तरिक आय वृद्धि गर्नका लागि राजश्व तथा करका विभिन्न क्षेत्रहरुको पहिचान गर्न Tax Mapping कार्यमा जोड दिइनेछ।
- आन्तरिक आय वृद्धि गर्न व्यवसाय कर तथा सम्पत्ति कर सम्बन्धी कानुन तर्जुमा गरिनेछ।
- यसै आ.व. लाई कर सहभागिता वर्षको रुपमा अगाडि वढाई नगरपालिका भित्रका सम्पुर्ण करयोग्य व्यवसायलाई करको दायरामा ल्याईनेछ।
- नगरभित्रका नागरिकहरुलाई स्वयम कर घोषणा कार्यक्रमतर्फ प्रेरित गरिनेछ।

- बहाल बिटौरी करसम्बन्धी सम्भाव्यता अध्ययन गरी लागू गरिने छ ।
- नगरभित्र Tax Mapping गरी करदातालाई Tax Tracking  Number प्रदान गरिनेछ ।
- आन्तरिक स्रोतको अभिवृद्धिका लागि पूर्वाधारको विकास गरि सेवा शुल्कमा आवद्ध गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
- ढुङ्गा–गिट्टी, बालुबा, रोडा, माटो, ग्राभेललगायतका नदीजन्य पदार्थ, हाटबजारलगायतका नगरपालिकाका सम्पत्तिको रुपमा रहेका राजस्वका स्रोतहरुको पहिचान गरी ठेक्कापट्टा लगाउने काम तोकिएको समयमै सम्पन्न गरिनेछ ।
- सबैभन्दा धेरै कर दाखिला गर्ने करदातालाई "उत्कृष्ट करदाता"को रुपमा पुरस्कृत गरिनेछ । सबै आर्थिक तथा व्यापारिक क्रियाकलापहरुलाई करको दायरामा ल्याई आन्तरिक आम्दानीको दायरालाई फराकिलो बनाईनेछ ।
- कोभिड १९ कारण उत्पन्न परिस्थितिले कर दाखिला गर्न नसकेका करदातालाई एक महिना समय थप गरिनेछ ।
- राजस्व तथा कर सम्बन्धी नीति तथा कानुन निर्माण गर्दा निजी, व्यवसायी, उद्दमी, नागरिक समाजसहित सरोकारवालाहरुसँग व्यापक छलफल गरिनेछ ।
- Ict system प्रयोग गरि घर-घर बाटै कर तथा सिफारिसहरुको भुक्तानि गर्ने व्यवस्थालाई प्रभावकारी बनाई ICT Club मार्फत training प्रधान गरिनेछ ।

**२४. सुशासन सम्वन्धी नीतिहरु**

- खर्चको विवरण वेवसाइड साईट मार्फत सार्वजनिकीकरण गर्ने प्रणालीको विकास गरिनेछ भने "आन्तरिक लेखा परीक्षण"लाई प्रभावकारी बनाइनेछ ।
- आगामी आर्थिक वर्षमा विभिन्न आयोजनामा छुट्टाइएको पूँजीगत खर्चको न्यूनतम ७० प्रतिशत रकम चैत्र मसान्त भित्रै खर्च गर्ने सुनिश्चिताका लागि नगरपालिकाको  आन्तरिक नियन्त्रण परिचालन गरिनेछ ।
- योजना अनुगमनको वार्षिक कार्यतालिका र सूचक निर्माण गरी परिणाममुखी अनुगमनलाई प्राथमिकता दिइनेछ । योजनाहरुको अनुगमन प्रणालीमा स्थानीय सरोकारवालाहरुको सहभागितालाई सुनिश्चित गरिनेछ ।
- अत्याधुनिक प्रशासनिक केन्द्रको रुपमा विकास गरिनुका साथै आधुनिक बगैचा, विद्युतीय पुस्तकालय, एटिएम, बैंकको एक्टेन्सन काउन्टरलगायतका सुविधाहरु उपलब्ध गराई एकद्धार प्रणालीमार्फत सेवा पुर्याउने गरि कार्य प्रारम्भ गरिनेछ ।
- राष्ट्रसेवक कर्मचारीहरुलाई कार्य सम्पादनका स्पष्ट मापनयोग्य सूचक सहितको "कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली" निर्माण गरी  कार्य गर्न प्रोत्साहित गर्ने र  नगरपालिकामा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने प्रणालीको विकास गरिनेछ ।
- नगरपालिका वा सम्पूर्ण वडाहरुमा डिजिटल प्रणालीबाट सेवा प्रवाह गर्ने कार्यलाई तीव्रता दिई स्वचालित बनाइने छ ।

वालिङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङ्जा
२०७३

- नगरपालिका भित्रको दर्ता, चलानी, private data तथा अन्य महत्वपूर्ण डकुमेन्टलाई दीर्घकालसम्म जोगाई राख्नका लागि अफिस Automation प्रणालीलाई कार्यान्वयनमा ल्याइनेछ।
- नगरको नियमनकारी भूमिलाई प्रभावकारी बनाई बजार, बालश्रम, विद्यालय, व्यवसाय दर्ता र संचालन, मदिरा बिक्री वितरण र सेवन, घर निर्माण, सार्वजनिक जग्गाको साँध, सीमाना, ईन्धन डिपो, होटल, दुध डेरी, मासु पसल, औषधी पसल लगायतका नागरिकको जनजीविकासँग सम्बन्धित विषयहरुलाई प्रचलित कानूनको अधिनमा कडाईका साथ अनुगमन गरी स्थानीय सरकारको अनुभूति गराइनेछ।
- स्थानीय सुरक्षा निकाय र सरोकारवालाहरु बीच सुरक्षा व्यवस्थालाई सवल बनाउन आवश्यक अन्तरक्रिया कार्यक्रमहरु संचालन गरिनेछ।
- नगरपालिकामा विद्यमान जनशक्तिको लेखा परीक्षण सँगसँगै कार्यसम्पादनका स्पष्ट सूचक निर्माण गरी नगरपालिकालाई "उत्कृष्टताको केन्द्र" (Center of Excellence) को रुपमा विकास गरिनेछ।
- नगरपालिकावाट संचालित गतिविधि, विकास कार्यक्रम, सेवा प्रवाहको अधिकतम सार्वजनिक गरी पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गरिने छ।

**२५. नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तरक्रिया, समन्वय जस्ता नीतिहरु**

- नागरीक सन्तुष्टीको लागि  नगरबाट सम्पादलन भएका सेवाको नागरिक सर्वेक्षण गरिने छ।
- सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणलाई प्रभावकारी रुपमा अगाडि वढाईनेछ।
- गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउनमा Vote Pole  पद्धति लागू गरिनेछ

**२६ युवा विकास सम्बन्धी नीतिहरु**

- युवाको साहस, सिर्जनाशीलता, आत्मविश्वास, उद्यमशीलताको उच्च मूल्याङ्कन गदै शिक्षित, सीपयुक्त, अनुशासित र उद्यमशील युवा शक्तिलाई नगरको मानवीय पूँजीको रुपमा स्वीकार गर्दै नगरको समग्र विकासमा परिचालन गरिनेछ।
- युवाहरुको क्षमता प्रष्फुटनका लागि युवा परिचालन कार्यक्रम संचालन गरिनेछ।
- युवा केन्द्रित लैङ्गिक समानता र सशक्तिकरण, लागुऔषध दुव्र्यसन, सकारात्मक सोंच, मनोसामाजिक परामर्श जस्ता कार्यक्रम संचालन गरिनेछ।
- युवा उद्यमशीलता अनुसन्धानमूलक कार्यक्रम संचालन गरिनेछ। युवा प्रतिभा उद्यमीको खोजी कार्यक्रम संचालन गरिनेछ।
- खेलकूद, सामाजिक विकास, वातावरण संरक्षण विपत, प्रकोप व्यवस्थापन सामाजिक तथा आर्थिक रुपान्तरण लगायतका क्षेत्रमा स्वयंसेवकको रुपमा युवाहरु परिचालन गरिनेछ। आगामी स्वयंसेवक परिचालन र व्यवस्थापन कार्यविधि तयार पारी स्वयंसेवक समूह खडा गरिनेछ।

वालिङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङ्जा
२०७३

- स्वयंसेवाको महत्वलाई समाज, टोल र बस्तीस्तरमा स्थापित गरी स्वयंसेवाको दायरालाई सामाजिक जीवनका अन्य आयामहरुमा विस्तार गरी समुदायस्तरबाटै स्वयमंसेवी क्रियाकलापहरु अगाडि बढाइनेछ। नगर प्रमुखको नेतृत्वमा स्वयंसेवक परिचालन रणनीति तय गरिनेछ ।
- स्वयसेवालाई व्यक्तिको जीवन पद्दतिको रुपमा विकास गर्न सबै विद्यालय तथा शिक्षण संस्थालाई आह्वान गरी विद्यार्थीहरुमा स्वयंसेवकको रुपमा परिचालित हुने अवसर सिर्जना गरी उत्प्रेरित गरिनेछ।
- स्वयंसेवाको क्षेत्रलाई फराकिलो र व्यवहारिक बनाउन नीतिगत खाका तयार गरिनेछ। राष्ट्र सेवाको रुपमा लामो अनुभव हासिल गरेका व्यक्तिहरुसँग प्राविधिक, व्यवसायिक एवं व्यवस्थापकीय क्षेत्रमा अध्ययनरत विद्यार्थीहरुसँग अन्तर्किया गरी स्वःस्फूर्त परिचालित हुने व्यवस्था मिलाइनेछ।

## २७. स्मार्ट सिटी /आई. सिटी सम्बन्धी नीति

- वालिङ नगरपालिकाको शहरी क्षेत्रलाई स्मार्ट सिटीको रुपमा विकास गरिने छ भने ग्रामीण क्षेत्रलाई स्मार्ट भिलेजको रुपमा विकास गरिनेछ।
- नगरपालिकाको दीर्घकालिन विकासको लागियोजना निर्माण दर्गा दिगोविकासका लक्ष र सूचकहरुको आधारमा गरिनेछ।
- प्रत्येक वार्ड तथा गाउँमा Fiber Lease line Internet Connectivity को जालो फैलाईने छ।
- सम्पूर्ण सरकारी कार्यालय तथा विद्यालयहरुमा Peroformance Based कार्यप्रणाली लागू गरिने छ।
- Sensor, Robotics, Automation लाई दैनिक प्रशासनिक कार्यप्रणालीमा प्रयोगमा ल्याईने छ।
- Digital Divided लाई कम गर्न Digital शिक्षामा जोड दिईने छ।
- Digitization लाई पूर्ण रुपमा लागु गर्न सोसँग सम्बन्धित कार्यहरु गरिने छ।
- वालिङ नगरपालिकाको नीति तथा योजना परिषद्ले परिमार्जित गरेको वृहत योजना, MTEF, आवधिक योजना र बार्षिक रणनीति योजनालाई लागू गरिनेछ।
- स्मार्ट सिटीको विभिन्न कार्यहरु गर्नको लागि आवश्यक विज्ञ, संघ संस्था, गैर सरकारी संस्था, दातृ निकाय तथा अन्तर्राष्ट्रिय सेवा प्रदायक अन्य आवश्यक क्षेत्रमा सहकार्य तथा समन्वय गरिने छ।
- 'इ–कमर्स' मार्फत उप्पादनकर्ताले आफ्नो उत्पादन बेच्ने व्यवस्था मिलाइनेछ।
- साइबर डिफेन्स तथा महत्वपूर्ण सूचना प्रणाली (क्रिटिकल पूर्वाधार), सूचना तथा संचार, स्वास्थ्य, शिक्षा आदि क्षेत्रमा प्रयोग भएका प्रविधिहरुको सुरक्षा मापदण्ड अपनाइनेछ। महामारीको समयमा Robotics र Artificial Inteliengce को प्रयोग गरिनेछ।
- सीसीटिभी लगायत डिजिटल प्रविधि तथा नेटवर्कहरू सुरक्षित राख्न विश्वविद्यालय, अन्तर्राष्ट्रिय संस्था र विदेशमा रहेका विज्ञ नेपालीसँगको सहकार्यमा अनुसन्धान गरी, ज्ञान स्थानान्तरण कार्यक्रम ल्याइने।

- सूचनाप्रविधि तथा सुरक्षा प्रणालीको अडिट गरी 'एथिकल ह्याकिङ' लाई प्रोत्साहित गरिनेछ।
- बालबालिका तथा वृद्धवृद्धा लगायत सबै नागरिकलाई साइबर स्वास्थ्य सचेतना कार्यक्रम गरिनेछ।
- डिजिटल नेपाल फ्रेमवर्क २०१९ ले तोकेका क्षेत्रहरुलाई प्राथमिकता सरकारी डाटाबेस, वेबसाइट तथा सूचना प्रणालीको संरक्षण गरिनेछ। नगरमा एक प्रविधि मोनिटरिङ्ग केन्द्रको स्थापना गरी जोखिमको अनुगमन गरिनेछ।

**२८ अन्य नीतिहरु:**

- सामाजिक सुरक्षा भत्तालाई अझ ब्यवस्थित गर्ने तथा ८० वर्षभन्दा बढीका ज्येष्ठ नागरिकलाई थप उपचार खर्च प्रदान गर्ने नीति अवलम्वन गरिने छ।
- स्थानीय विवादहरु हामी आँफै समाधान गर्ने मेलमिलापको माध्यमलाई प्राथमिकता दिईने हरेक वडामा मेलमिलाप केन्द्रको क्षमता विकास गरिने छ।
- प्राकृतिक न्यायको सिद्धान्तमा आधारित रही स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ मा तोकिएको क्षेत्राधिकारभित्र रही न्याय सम्पादन गरिने छ। न्यायिक समितिको काम कारवाहीलाई र सर्वसाधारणको पहुँचमा पु¥याईने छ।
- वालिङ नगरपालिकाको वृहतर हितका लागि औद्योगिक क्षेत्र, हेलिप्याड, हावाइ मैदान, पर्क, खेल मैदान–रंगशाला र रिसोर्ट जस्ता कार्यहरु सञ्चालन गरिनेछ।
- नगरस्तरीय, प्रदेशस्तरीय र संघस्तरीय कार्यक्रम र योजनाका लागि आवश्यक पूर्वाधार सञ्चालन गर्न आवश्यक पर्ने जग्गाहरु नगरपालिकाले प्रचलित कानुन बमोजिम खरिद गर्नेछ।
- विजुलीको सेवा नपुगेका घरधुरीहरुलाई विजुली पु¥याउन उपकरण तथा लाईन विस्तारका साथै काठको पोल विस्तापित गरी फलामे पोल व्यवस्थापन गरिनेछ।

**अन्त्यमा,**

राजनीतिक सामाजिक तथा आर्थिक उपलब्धिलाई संरक्षण गर्दै वालिङको हित, गौरव, सम्मान र स्वाभिमान वृद्धि गर्न र महामारीबाट प्रभावित सामाजिक आर्थिक क्षेत्रहरुलाई पुर्नजीवन दिई विकास निर्माणलाई तिव्रता दिने अठोटका साथ आर्थिक वर्ष २०७८।०७९ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु। प्रस्तुत नीति तथा कार्यक्रम वालिङलाई समृद्ध

बनाउने मार्गदर्शक दस्तावेज हो। नगरलाई समृद्ध बनाउन सबै नगरबासीको आ–आफ्नो ठाउँमा उत्तिकै महत्वपूर्ण भूमिका छ। यो नीति तथा कार्यक्रम सरकारी, गैरसरकारी, निजी, सहकारीलगायत विकासका सबै साझेदार वा पक्षधरको लागि मार्ग चित्र हो। नगरको विकास सबैको विकास हो। यसैले विकास निर्माणका काममा आ–आफ्नो क्षेत्रबाट सहयोग पुर्याउन र रचनात्मक सुझाव, सल्लाह दिन हामी नगरबासीलाई हार्दिक आग्रह गर्दछौं। हामीले नगरबासीबाट प्राप्त रचनात्मक सुझाव, सल्लाहलाई सधैं आत्मसात गर्नेछौं। विकास निर्माणका काममा हामीहरु सबैको एउटै दृष्टिकोण हुनुपर्छ भन्नेमा हामीहरु दृढ छौं।। केन्द्रीय, प्रादेशिक, क्षेत्रगत र स्थानीय योजनाबीच तादाम्यता कायम गरी नगरको सर्वाङ्गीर्ण विकास र समृद्धिको स्पष्ट दृष्टिकोण सहितको दीर्घकालिन योजना निर्माणको पथमा हामी छौ।

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट उच्चदरको आर्थिक वृद्धि, माहामारीको असर न्यून, सामाजिक आर्थिक क्षेत्र गतिशील भै आर्थिक वृद्धि र पारस्पारिक सम्मान र अवसर सहित सामाजिक न्याय कायम हुनेछ। यो नीति तथा कार्यक्रम कार्यान्वयनमा सवैबाट सक्रिय सहयोग हुने विश्वास लिएको छु।

अन्तमा वालिङको समग्र विकासमा योगदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नीजि, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, सञ्चार जगत लगायत सम्पूर्ण दिदिबहिनी दाजुभाई तथा विकास साझेदार संस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**दिलिपप्रताप खाँण**

**नगर प्रमुख**